# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २९७ | काठमाडौं | शुक्रबार, ०९ फागुन २०८१ | Prabhab National Daily | Friday, February 21, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# मुक्कुमलुङ फेरि तनावग्रस्त



## संसद् नसुन्ने सरकार

केबुलकार निर्माणलाई लिएर मुक्कुमलुङ अशान्त बनेको भन्दै मङ्गलबार कांग्रेस सांसद डिकबहादुर लिम्बूले संसद् बैठकमै सरकारले गम्भीरतापूर्वक लिनुपर्ने बताएका थिए । उनले आन्दोलनरत पक्षसँग संवाद गरेर समस्याको निकास खोजिनुपर्ने सुझाए । तर, सरकार नसुनेझैं गरिरहेको छ । लिम्बूकै दल कांग्रेसका नेता रमेश लेखक गृहमन्त्री छन् । मुक्कुमलुङमा केबुलकार निर्माणलाई लिएर उत्पन्न विवाद संवादकै माध्यमबाट सम्बोधन गर्न उनी तयार देखिएका छैनन् ।

यसप्रति असन्तुष्ट लिम्बूले भनेका थिए, 'मुक्कुमलुङमा उत्पन्न विवाद उत्कर्षतिर उन्मुख छ । सरकारले वार्ता टोली गठन गरेको भन्ने थियो तर खै के भयो ? के सरकारले जनताको आवाज सुन्नु पर्दैन ? यसबारे सरकारको जवाफ चाहन्छु ।'

रास्वपा सांसद सुमना श्रेष्ठले जनताको आवाजलाई दबाएर कुनै एक व्यापारीलाई पोस्ने गरी मुक्कुमलुङमा केबुलकार बनाउन सिंगो राज्य संयन्त्र नै परिचालन भएको भन्दै आपत्ति जनाइन् ।

⏭ क्रमशः पृष्ठ २ मा

- ⏭ प्रहरी र आन्दोलनकारीबीच झडप, १२ जना घाइते
- ⏭ प्रहरीले अश्रुग्याससँगै पानीको फोहरा प्रहार गर्दा आन्दोलनकारीद्वारा ढुङ्गा प्रहार
- ⏭ राजेन्द्र महतो, डकेन्द्र थेगिमलगायत मुक्कुमलुङ क्षेत्रमा
- ⏭ क्षमा पूजाका लागि आन्दोलनकारी मुक्कुमलुङमा

■ **जेबी योञ्जन**

**काठमाडौं–** संवादको माध्यमबाट विवाद समाधानमा सरकार गम्भीर नबनेपछि देशको पूर्वी क्षेत्रको जिल्ला ताप्लेजुङ फेरि अशान्त भएको छ । त्यहाँ आन्दोलनरत 'नो केबुलकार' पक्ष र सुरक्षाकर्मीबीच बिहीबार अपराह्न तनाव भयो । त्यस क्रममा प्रहरीले अश्रुग्यास र पानीको फोहरा प्रहार गरेका थिए ।

ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माका अनुसार नो केबुलकार पक्षले ढुङ्गा प्रहार गरेपछि स्थिति तनावपूर्ण भएको थियो । स्थितिलाई नियन्त्रणमा लिन अश्रुग्यास र पानीको फोहरा प्रहार गर्नुपरेको शर्माले बताए । त्यस क्रममा दुवैतर्फ गरी १२ जना घाइते भए ।

'उहाँहरूले केही समय भाषण गर्नुभयो । करिब ३ बजेतिर सुरक्षा निकायले राखेको घेरा तोडेर ढुङ्गामुढा हान्नुभयो । ५० मिटरको दुरी पनि नराखी ढुङ्गा हान्नुभयो । त्यसपछि हामीले पानीको फोहोरा र अश्रुग्यास हान्नुपर्‍यो र त्यस क्रममा १२ जना घाइते भएको कुरा आयो,' उनले प्रभावसँग भने ।

निर्माणस्थलमा सुरक्षाकर्मीले राखेको नो इन्ट्री भनिएको ठाउँमै पुगेर आन्दोलनरत समूहका नेताहरूले भाषण गरेका थिए । भाषण गर्ने नेताहरू राजेन्द्र महतो, डकेन्द्रसिंह थेगिम, प्रेम एक्तेन, चन्द्र मादेन, राम मादेनलगायत थिए । उनीहरू क्षमा पूजा गर्न त्यहाँ पुगेका हुन् । सयौंको सङ्ख्यामा रहेका उनीहरू पैदल यात्रा गर्दै केबुलकारको निर्माणाधीन पहिलो स्टेसन क्षेत्र रहेको काफ्लेपाटी पुगेका थिए ।

मुक्कुमलुङ क्षेत्रमै रहेका किरात याक्थुङ चुम्लुङका केन्द्रीय अध्यक्षसमेत रहेका एक्तेनले राज्यले एक जना व्यवसायीका लागि स्थानीय समुदायलाई दमन गरेको बताए । आदिवासी लिम्बू समुदायको आस्थाको मुख्य केन्द्र मुक्कुमलुङमाथिको अतिक्रमविरुद्ध शान्तिपूर्ण ढङ्गले आवाज उठाउँदा प्रहरी लगाएर दमन गरिएको भन्दै सरकार अलोकतान्त्रिक बाटोमा अघि बढेको टिप्पणी गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

# समयमै महाधिवेशन नगर्ने देउवाको रणनीतिमा सभापतिका दाबेदारहरूको मौन समर्थन



२०८४ मा आम निर्वाचन हुनेछ । त्यसको दुई वर्ष पहिले नै महाधिवेशन हुनुपर्ने हो । होइन भने निर्वाचनपछि गराउँदा उत्तम हुन्छ । आम निर्वाचनको मुखमा महाधिवेशन गराउँदा पार्टीभित्रको तिक्तता आम निर्वाचनमा पर्छ

■ **डा. शशांक कोइराला**
**नेता, नेपाली कांग्रेस**



नेपाली कांग्रेसको विधानअनुसार २०८२ सालको मंसिर/पुसमा चार वर्षको कार्यकाल सकिन्छ, हाम्रो प्रयास चार वर्षभित्र महाधिवेशन गर्ने थियो र अहिले पनि छ, तर पार्टीको सदस्यता वितरण र अन्य कुरा हेर्दै गर्दा ठ्याक्कै त्यही तिथिमितिभित्र हामी भ्याउँछौं नै भनेर सम्पूर्ण रूपमा दाबी गर्ने अवस्था छैन

■ **गगन थापा**
**महामन्त्री, नेपाली कांग्रेस**



०८३ मंसिरमा हुनुपर्ने हो, मैले त समयमै अधिवेशन गरौं भनिरहेको छु । विधानले एक वर्ष र संविधानले डेढ वर्ष थप्न पाउने व्यवस्था छ । त्यसमा समन्वय गर्नुपर्छ । तर, चुनावपछि महाधिवेशन गर्‍यो भने कांग्रेसको अवस्था नाजुक हुन्छ

■ **डा. शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** महाधिवेशनको मिति नजिकिए पनि कुनै तयार नभएपछि कांग्रेसमा अन्तरविरोध शुरु भएको छ । विधानअनुसार अबको ९ महिनामा कांग्रेसले १५ औं महाविधेशन गर्नुपर्छ । २०७८ मंसिर २८ गते शेरबहादुर देउवा दोस्रो कार्यकालका लागि कांग्रेस सभापतिमा निर्वाचित भएका थिए ।

विधानमा कांग्रेस केन्द्रीय समितिको कार्यकाल ४ वर्षको हुन्छ । जसअनुसार २०८२ मंसिरमा १५ औं अधिवेशन गरिसक्नुपर्छ । नेताहरूलाई महाधिवेशनका लागिसकेको छ । देश दौडाहामा उनीहरू निस्केपनि महाधिवेशन आयोजनाका लागि देउवाले कुनै तयारी गरेका छैनन् ।

यसै विषयमा कांग्रेस पदाधिकारीले छलफल शुरु गरेका छन् । क्रियाशील सदस्यताको टुंगो नलागेको र कुनै तयारी नभएकोले कांग्रेसले महाधिवेशनका लागि कार्यसमितिको म्याद एक वर्ष थप गर्ने तयारी गरेको कांग्रेस प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिए ।



'सामान्यतया कांग्रेसको कार्यसमितिको म्याद एक वर्ष थप गरिँदै आएको छ । हामी सहभागी वर्तमान कार्यसमितिको म्याद आगामी मंसिरमा सकिँदैछ । अहिलेसम्म कुनै प्रक्रिया सुरु नभएकाले महाधिवेशन हुने सम्भावना कम हुन्छ,' प्रवक्ता महतले भने ।

कांग्रेसको विधानको दफा ४३ मा केन्द्रीय कार्यसमितिको कार्यअवधिको बारेमा लेखिएको छ । 'पार्टीका सबै तह र निकायका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुनेछ । असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ,' यस दफामा भनिएको छ ।

यसो गरेमा कांग्रेस महाधिवेशन २०७३ मंसिरमा हुनेछ । यसका लागि कांग्रेस संस्थापनइतर पनि तयार देखिन्छ । तर सभापति देउवा आफै भने महाधिवेश २०८४ को निर्वाचनपछि गर्ने तयारीमा देखिन्छन् । आफू प्रधानमन्त्री बनेपछि निर्वाचनमा आफ्नै हातले टिकट बाँड्ने र त्यसपछिमात्र महाधिवेशन गर्ने तयारीमा देउवा रहेको बताइन्छ ।

एमालेसँगको सहमतिमा देउवालाई अबको डेढ वर्षपछि प्रधानमन्त्री बनाउने कार्यतालिका छ । यही बटमलाइन देखाउँदै कांग्रेस नेताहरू देउवाकै लाइनमा अभिव्यक्ति दिन थालेका हुन् । कांग्रेस-एमाले सहमतिको चौथो बुँदामा 'राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकारको गठन भएको मितिले दुई वर्षसम्म नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले र त्यसपछि २०८४ मंसिरमा हुने आमनिर्वाचनसम्म नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गर्ने,' उल्लेख छ ।

यही सहमतिका आधारमा एमाले अध्यक्ष ओली गत असार ३० गते प्रधानमन्त्री नियुक्त भएका थिए । ओली प्रधानमन्त्री भएको २०८३ असार ३० गते दुई वर्ष पुग्छ । सहमति अनुसार ओलीले २०८३ असार २९ गते प्रधानमन्त्रीबाट राजीनामा दिने र लगत्तै एमालेको समर्थनमा कांग्रेस सभापति देउवा प्रधानमन्त्री बन्छन् ।

यसो गरेमा कांग्रेसको अवस्था निकै नाजुक हुने संस्थापनइतरका नेता डा शेखर कोइरालाले बताउँछन् । '०८३ मंसिरमा हुनुपर्ने हो, मैले त समयमै अधिवेशन गरौं भनिरहेको छु । विधानले एक वर्ष र संविधानले डेढ वर्ष थप्न पाउने व्यवस्था छ । त्यसमा समन्वय गर्नुपर्छ । तर, चुनावपछि महाधिवेशन गर्‍यो भने कांग्रेसको अवस्था नाजुक हुन्छ,' बिहीबार सुर्खेत पुगेका कोइरालाले भने । सभापतिमा उम्मेदवारी घोषणा गरेका संस्थापनइतरकै नेता कोइरालालले संविधानअनुसार डेढ वर्ष म्याद थप्न सकिने बताएसँगै देउवा झनै ढुक्क देखिन्छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# मलेसिया रोजगारीमा 'सिन्डिकेट'को हल्लाले व्यवसायी तरंगित

■ **ममता थापा**



- ⏭ वैदेशिक रोजगार व्यवसायी संघका पदाधिकारी नै सिन्डिकेट लागू गर्न सक्रिय भएको अरोप
- ⏭ संघका अध्यक्ष राजेन्द्र भण्डारीद्वारा आरोप अस्वीकार
- ⏭ श्रम मन्त्रालय भन्छ– सिन्डिकेट लगाउन सम्भव छैन

**काठकाडौं–** मलेसियामा कामदार पठाउन सीमित व्यवसायीको सक्रियतामा 'सिन्डिकेट' लागू गर्न खोजिएको विषयले यतिबेला वैदेशिक रोजगार व्यवसायीहरूमाझ तरंग ल्याएको छ । पछिल्लो समय व्यवसायीका केही संस्थाले प्रेस विज्ञप्ति नै जारी गरेर सिन्डिकेटको विरुद्धमा उभिन अपिल गरिरहेका छन् ।

नेपाली कांग्रेसनिकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै व्यवसायीलाई पेसाबाट विस्थापित गर्ने षडयन्त्रको विरुद्ध अग्रमोर्चामा उभिएर प्रतिकार गर्ने जनाएको छ । त्यसअघि गत माघ ३० गते प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले पनि यस्तै विज्ञप्ति निकालेको थियो । गत वर्षदेखि बन्द रहेको मलेसियामा नयाँ रोजगारीका लागि 'एप्रुभल' खुल्ने नखुल्ने अन्योल रहेको अवस्थामा बिचौलियाले चलखेल गर्न खोजेको मञ्चको विज्ञप्तिमा छ । व्यवसायीहरूका अनुसार 'सञ्चालन प्रणाली'को नाममा एकाधिकार कायम गर्ने चलखेल भइरहेको छ । जसमा सीमित व्यवसायी मिलेर अन्य व्यवसायीलाई यस क्षेत्रबाट पलायन गर्ने षडयन्त्र भइरहेको उनीहरूको भनाइ छ ।

केही व्यवसायीले भने नेपाल वैदेशिक रोजगार व्यवसायी संघकै पदाधिकारीहरू सिन्डिकेट लागू गर्न लागिपरेको आरोप लगाएका छन् । व्यवसायीको हितमा काम गर्नुपर्ने संघको वर्तमान कार्यसमिति नै सिन्डिकेट लगाउन लागेको एक व्यवसायीले बताए । लोकतान्त्रिक एसोसिएसनले पनि संघमाथि प्रश्न उठाएको छ । '२५ जना व्यवसायीले सिन्डिकेट ल्याउन खोजेको भनेर संघको प्रेस वक्तव्यमा आएपछि तिनीहरू को रहेछन् भनेर पत्ता लगाउने जिम्मा त संघकै होला नि ?,' एसोसिएसनका महासचिव महेश बस्नेत प्रश्न गर्छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डेले संघका केही पदाधिकारी र सल्लाहकारले सिन्डिकेट ल्याउन खोजेको आरोप लगाए । 'सबैलाई भन्न मिल्दैन संघका केही व्यक्ति यसमा संलग्न छन्, प्रगतिशीलकै केही व्यक्ति यसमा संलग्न भएको संघका अध्यक्षलाई राम्रोसँग थाहा छ । तर पानीमाथिको ओभानो बन्न प्रेस विज्ञप्ति निकाल्नुभयो,' पाण्डे भन्छन् ।

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छादोर्जे डिम्दोङले पनि संघको कार्यसमितिमाथि शंका उत्पन्न भएको बताए । वर्तमान कार्यसमितिले कार्यकाल सकिएको छ महिनापछि निर्वाचन धकेलेकोले शंका उब्जिएको उनी बताउँछन् । 'निर्वाचन स्थगित गरेको कार्यसमिति कतै यस्तो षडयन्त्रमा लागेको छैन ? भन्ने शंका गर्ने ठाउँ छ,' उनी भन्छन् ।

यद्यपि, सिन्डिकेटको विषयमा कसले खेलिरहेको छ भन्ने यकीन जानकारी नभएको उनी बताउँछन् । 'चलखेल गर्नेहरूले कुन माध्यमबाट काम गरिरहेको भन्ने विषय अन्योल नै छ,' दिमदोङ भन्छन्, 'प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ ले कुनै पनि प्रतिस्पर्धालाई रोकेर एकाधिकार कायम गर्ने कार्यको विरुद्ध कानुन आकर्षित गरेको छ । धेरै व्यवसायीहरू यसको विरोधमा भएकाले सिन्डिकेट लागू हुने सम्भावना छैन ।'

⏭ क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## मुक्कुमलुङ...

'प्रकृतिको दोहन भएको छ । हजारौं लालिगुराँसका बोट काटिएका छन् । मुन्धुमीस्थलमाथि अतिक्रमण गरिएको छ र हामी क्षमा माग्नलाई मुक्कुमलुङ पुगेका थियौं तर हामीमाथि दमन भयो,' उनले भने, 'यो ओली सरकारको निरङ्कुशकताको पराकाष्ट हो ।'

केबुलकार निर्माण खारेजीलाई नो केबुलकार पक्षले बटमलाइन बनाएको छ । पाथीभरा दर्शन केबुलकार प्रालिले भने सुरक्षा घेराबीच केबुलकार निर्माणको काम धमाधम गरिरहेको छ। यसअघि गृह मन्त्रालयका सहसचिव प्रेमप्रसाद भट्टराईको नेतृत्वमा सरकारी वार्ता टोली थियो । आन्दोलनरत पक्षबाट प्राज्ञ अमर तुम्याहाङको संयोजकत्वमा वार्ता सहजीकरण समितिबीच छ बुँदे सहमति भएको थियो । तर, केबुलकार निर्माणको काम सहमतिअनुसार नरोकिएको भन्दै केबुलकार विरोधी समूह असन्तुष्ट बन्यो । यदि संवादकै माध्यमबाट केबुलकार निर्माण विवाद टुङ्ग्याउने भए राजनीतिक नेतृत्वको नेतृत्वमा सरकारी वार्ता टोली गठनको माग आन्दोलनरत पक्षले गर्दै आएका छन् । तर, गृहमन्त्री रमेश लेखक त्यसका लागि तयार छैनन् ।

यसपछि आन्दोलनरत पक्षले सरकारविरुद्ध थप आन्दोलनका कार्यक्रम घोषणा गरेको हो, जुन आज सकिँदै छ। यसबीचमा कोशीका सबै जिल्लामा रहेका ग्लोबल आईएमई बैंक बहिस्कार गर्नेलगायतका कार्यक्रम आन्दोलनरत पक्षले गऱ्यो । केबुलकार निर्माणमा प्रयोग हुने सामानको ढुवानी रोक्ने, केबुलकार निर्माणको अनुमति दिने ताप्लेजुङको फुङ्लिङ नगरपालिका घेराउ गर्नेजस्ता कार्यक्रम गरे ।

गत १२ माघमा आन्दोलनकारी पक्षमाथि सशस्त्र प्रहरीले बलुडाँडामा गोली चलाएको थियो। अझै पनि उक्त घटनाका तीन जना घाइतेहरू उपचारमै छन् । उनीहरूको छाती, पाखुरा र घुँडामा गोली लागेको थियो । त्यसपछि उनीहरूले एक साता लामो मेची राजमार्ग र तमोर कोरिडोर बन्द गरेका थिए । १९ र २० माघमा अरुण-सभाखोला पूर्वका जिल्लाहरूमा आमहड्ताल गरेका थिए। लगत्तै सरकारले भट्टराईको नेतृत्वमा वार्ता टोली गठन गरेका थिए । सोही समितिसँग तुम्याहाङ नेतृत्वको वार्ता सहजीकरण समितिले २१ र २२ माघमा संवाद गरेर छ बुँदे सहमति गरेका थिए ।

तर, ती सहमतिहरूको अक्षरशः पालना नभएको आन्दोलनरत पक्षका एक नेता श्रीप्रसाद लिम्बूले बताए । सोही कारण लगत्तै आन्दोलनकारीहरूले आन्दोलनका कार्यक्रम घोषणा गरेको बताए ।

■■■

## संसद् नसुन्ने...

उनले सरकार जनताको आवाज सुन्नै नसक्ने हुनु दुःखद् भएको बताइन् । 'जनता आन्दोलनमा छन् । आन्दोलित जनताको कुरा सुन्ने पक्षमा सरकार देखिएन । यस्तो हुनु ठीक होइन, दुःखद् हो,' उनले भने । गत २४ माघमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल, माओवादी सांसद दुर्गा राईलगायत सांसदहरूले पनि बारम्बार मुक्कुमलुङमा केबुलकार निर्माण गर्न नहुने बताउँदै आएका छन् । तथापि सरकारले भने केबुलकार निर्माणको कामलाई सुरक्षाकर्मी परिचालन गरेर भए पनि तीब्रता दिएको छ ।

■■■

## समयमै...

अघिल्लोपटक १४ औं महाधिवेशनमा देउवाले समयमै महाधिवेशन गरेनन् । आफू प्रधानमन्त्री भएको मौका पारी महाधिवेशन गर्दा उनी दोहोरिन सफल भएका थिए । यसपटक भने विधानतः उनी सभापति बन्न पाउँदैनन् । यसैले पनि आफूले चाहेको व्यक्तिलाई नेतृत्वमा ल्याउने गरी देउवा अघि बढ्ने बताइन्छ । देउवाले यसरी नै नेताहरूलाई लतार्दै लैजाने देखिन्छ ।

देउवाले नेतृत्वमा कसलाई अघि बढाउलान् भन्ने विषयमा अझै निक्यौंल त भइसकेको छैन। यद्यपि डा शशांक कोइराला स्वभाविक उम्मेद्वारका रूपमा अघि बढ्ने देखिन्छ । देउवाले चाल्ने हरेक कदमको विषयमा शशांकले बचाउ गर्दै आएका छन् । १३ औं महाधिवेशनमा रामचन्द्र पौडेल खेमाबाट महामन्त्रीमा निर्वाचित शशांकले देउवालाई सघाउँदै आएका छन्। पुस १६ मा चितवन पुगेर उनले १५ औं महाविधेशन आम निर्वाचनपछि गर्दा हुने बताएका थिए। '२०८४ मा आम निर्वाचन हुनेछ। त्यसको दुई वर्ष पहिले नै महाधिवेशन हुनुपर्ने हो । होइन भने निर्वाचनपछि गराउँदा उत्तम हुन्छ,' शशांकले भनेका थिए ।

निर्धारित समयमा महाधिवेशन गराउँदा पार्टीभित्रको असन्तुष्टि हराएर जाने पनि उनले बताए। 'आम निर्वाचनको मुखमा महाधिवेशन गराउँदा पार्टीभित्रको तिक्तता आम निर्वाचनमा पर्छ,' शशांकको तर्क थियो ।

सभापतिका दाबेदारका रूपमा हेरिएका महामन्त्री गगन थापाले तोकिएकै समयमा महाधिवेशन हुने दाबी गर्दै आएका छन् । 'हामीले तोकिएको समयमा महाधिवेशन गर्नका लागि आगामी चैतभित्र पार्टीको क्रियाशील सदस्यता टुंग्याउने गरी काम गरेका छौँ,' अघिल्लो सातामात्र चितवन पुगेर थापाले भनेका थिए। तर यसका लागि स्थानीय तहका नेताहरूले सहयोग गर्नुपर्ने उनको आग्रह थियो ।

विधानले एक वर्ष समय थप गर्न सक्ने व्यवस्था गरेको भए पनि दुई-तीन महिना तलमाथि भए पनि एक वर्ष पूरै नथपिने गगनको तर्क थियो । 'नेपाली कांग्रेसको विधानअनुसार २०८२ सालको मंसिर/पुसमा चार वर्षको कार्यकाल सकिन्छ, हाम्रो प्रयास चार वर्षभित्र महाधिवेशन गर्ने थियो र अहिले पनि छ, तर पार्टीको सदस्यता वितरण र अन्य कुरा हेर्दै गर्दा ठ्याक्कै त्यही तिथिमितिभित्र हामी भ्याउँछौं नै भनेर सम्पूर्ण रूपमा दाबी गर्ने अवस्था छैन,' उनले भने, 'एक वर्षका लागि म्याद थपको सुविधा रहन्छ, सभापतिसँग बसेर सल्लाह गरिरहेका छौं, जति समय आवश्यक पर्छ त्यति समय अघि बढाऔं ।'

■■■

## मलेसिया...

संघका अध्यक्ष राजेन्द्र भण्डारीले भने उक्त आरोप अस्वीकार गरे । राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुनले यो बर्जित गरेकाले कसैले चाहेर सिन्डिकेट ल्याउन नसक्ने उनको भनाइ छ । 'केही व्यवसायीहरू झूठो आश्वाससनमा परेर विभिन्न खालको फण्डा ल्याइरहेका छन् । कसले गरेको हो भन्ने यकीन छैन। तर त्यस्तो फण्डाको पछि नलाग्न व्यवसायीहरूलाई भनिसकेका छौं,' उनी भन्छन्, 'प्रमाण नभएसम्म व्यक्तिको नाम ल्याउने कुरा भएन। तर त्यस्तो सम्भावना छैन । त्यसको पछि नलाग्न सचेत गराइएको हो ।'

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहायक प्रवक्ता वसन्त बोहोराले मलेसियासँग गरिएको श्रम सम्झौता नवीकरणका लागि दुई महिनाअघि मलेसिया सरकारलाई पत्र पठाए पनि कुनै प्रतिक्रिया प्राप्त नभएको बताए । उनले नयाँ सम्झौता हुँदा कामदार पठाउने नियममा केही परिवर्तन हुनसक्ने तर के-के परिवर्तन हुन्छ भन्ने यकीन भइनसकेको बताए । सिन्डिकेट लागू गर्न लागिएको हल्लामा भने सत्यता नरहेको उनको भनाइ छ।

मलेसियाको श्रम नीति अन्य देशको तुलनामा राम्रो मानिएकाले श्रमिक पठाउन पहल गर्नुपर्छ भन्ने विषय लिएर व्यवसायीहरू आउने गरेको उनको भनाइ छ । 'अहिलेको समयमा सीमित दुई-चार जना व्यवसायीलाई मात्र काम गर्न दिने भन्ने नि हुन्छ ? यस्तो विगतमा पनि थिएन, अब पनि हुँदैन,' सहायक प्रवक्ता बोहोराले भने ।


### गोलिया काठ/ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/११/०९**

यस खोरभन्ज्याङ्ग सा.व.उ.स. दुधौली नपा -१३ सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई समूहकै क्षेत्रमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल जातको गोलिया थान २० को १७३०.२० क्यूफि गोलिया काठ र २.२५ चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ (संसोधित २०८१) बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री खोरभन्ज्याङ्ग सा.व.उ.स. दुधौली नपा -१३ सिन्धुली**



नेपाल सरकार
दावी विरोध सम्बन्धी

### वैदेशिक रोजगार विभागको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री Ishan Overseas Pvt.Ltd. (ई.प.नं.५३२/०६१/६२) को साविकको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ०३ परिवर्तन गरी काठमाडौं जिल्ला टोखा न.पा वडा नं. १०** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।



### आन्तरिक काठ बिक्री वितरण सम्बन्धबी सूचना

**सूचना प्रकाशित मिति: २०८१/११/०९**

यस चिरायु सा.व.उ.स, दु.न.पा-०८ सिन्धुलीको आ.व. २०८१/०८२ मा डिभिजन वन कार्यालय सिन्धुलीको च.नं. १४६२ मिति २०८१/१०/२२ गतेको कटान सहमति अनुशार कटान मुछान गरी घाटगद्धीमा रहेको साल जातका गोलिया १९६७.३६ क्यू.फिट काठ दाउरा ३.१५ चट्टा आवश्यक भएका उपभोक्ता साथै छिमेकी समूहका उपभोत्ताहरूले १५ दिनभित्र समूहमा आई निवेदन दिनु होला ।

**श्री चिरायु सामुदयिक वन उभोक्ता समूह**
**दुधौली नगरपालिका वडा नं. ०८, सिन्धुली**



### आन्तरिक काठ बिक्री वितरण सम्बन्धबी सूचना

**सूचना प्रकाशित मिति: २०८१/११/०९**

यस खोरभञ्ज्याङ सा.व.उ.स, दु.न.पा-०८ सिन्धुलीको आ.व. २०८१/०८२ मा डिभिजन वन कार्यालय सिन्धुलीको च.नं. १४६३ मिति २०८१/१०/२२ गतेको कटान सहमति अनुशार कटान मुछान गरी घाटगद्धीमा रहेको साल जातका गोलिया १७३०.२० क्यू.फिट काठ दाउरा २.२५ चट्टा आवश्यक भएका उपभोक्ता साथै छिमेकी समूहका उपभोत्ताहरूले १५ दिनभित्र समूहमा आई निवेदन दिनु होला ।

**श्री खोरभञ्ज्याङ सामुदयिक वन उभोक्ता समूह**
**दुधौली नगरपालिका वडा नं. ०८, सिन्धुली**



### आन्तरिक काठ बिक्री वितरण सम्बन्धबी सूचना

**सूचना प्रकाशित मिति: २०८१/११/०९**

यस धौले सा.व.उ.स, दु.न.पा-१३ सिन्धुलीको आ.व. २०८१/०८२ मा डिभिजन वन कार्यालय सिन्धुलीको च.नं. १४६५ मिति २०८१/१०/२२ गतेको कटान सहमति अनुशार कटान मुछान गरी घाटगद्धीमा रहेको साल जातका गोलिया १४९०.९९ क्यू.फिट काठ दाउरा २.२७ चट्टा आवश्यक भएका उपभोक्ता साथै छिमेकी समूहका उपभोत्ताहरूले १५ दिनभित्र समूहमा आई निवेदन दिनु होला ।

**श्री धौले सामुदयिक वन उभोक्ता समूह**
**दुधौली नगरपालिका वडा नं. १३, सिन्धुली**



### कुवेतमा रोजगार

कम्पनी : WAY BURGER RESTAURANT COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८१/११/०८ — चलानी नं.: ६०२३३३१० — LT. No.: 319187

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Burger Maker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६७,४२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 3 | 0 | | 120 | ५३,९४१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १६ गते (28 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82 — MAHA
MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com



### कुवेतमा रोजगार

कम्पनी : HAVEN COMPANY FOR PIES, PASTRIES AND SWEETS
पूर्व स्वीकृति मिति : २०८१/११/२० — LT. No. 319186 — चलानी नं. ६०२३३२९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 1 | 4 | 150 | ६७,५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १६ गते (28th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. १६६९/०८०/०८१
ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456



### साउदीमा रोजगार

कम्पनी : Gheena Contracting Company
पूर्व स्वीकृति मिति : २०८१/११/०८ — LT. No. 318440 — चलानी नं. ६०२३३२९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | road maintenance worker | 2 | 0 | 1000 | ३७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १६ गते (28th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ११०८/०७३/०७४
Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS



### साउदीमा रोजगार

कम्पनी : Vision Corporation Limited.
पूर्व स्वीकृति मिति : २०८१/११/०८ — LT. No. 319130 — चलानी नं.६०२३३३१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer & Unloading | 14 | 0 | 1000 | ३७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al Shamal Circle Factory for Metal Manufacturing Company.
पूर्व स्वीकृति मिति : २०८१/११/०८ — LT. No. 319007 — चलानी नं.६०२३३३१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६६,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १६ गते (28th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

HALESI OVERSEAS PVT LTD — Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com



### साउदीमा रोजगार

कम्पनी : Key Facilities Management International Saudia Company One Person
पूर्व स्वीकृति मिति : २०८१/११/०८ — LT. No. 319106 — चलानी नं. ६०२३३३१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 10 | 0 | 1100 | ४०,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १६ गते (28th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Pigeon International Overseas Pvt. Ltd — श्रम ईजाजत नं. ३८४/०५९/०६०
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np



### कतारमा रोजगार

कम्पनी : GREEN TARA CONTRACTING AND SERVICES
पूर्व स्वीकृति मिति : २०८०/१०/१९ — पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/०८ — LT. No. 299274 — चलानी नं. ६०२१४२६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ADMIN SUPERVISOR | 0 | 1 | 2500 | ९५,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १६ गते (28th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License No. 968/067/068
RADIUM INTERNATIONAL EMPLOYMENT SERVICES PVT.LTD
New Baneshwor-31, Kathmandu, Nepal, Tel: 01-4589492, 4585172,
E-mail : info@radiumemployment.com, Web: https: www.radiumemployment.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शुक्रबार, ०९ फागुन, २०८१

| | |
|---|---|
| **मेष** | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| **वृष** | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| **मिथुन** | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| **कर्कट** | सुखद् समाचारले उत्साह जगाउन छ । |
| **सिंह** | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| **कन्या** | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| **तुला** | दिगो कामको जग बसाउन सकिने छ । |
| **वृश्चिक** | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| **धनु** | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| **मकर** | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| **कुम्भ** | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| **मीन** | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |


## नेपाल राष्ट्र बैंक

०९ फागुन, २०८१ (२१ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.७१ | १३९.३१ |
| युरो | १ को | १४५.४० | १४६.०३ |
| पाउन्ड स्टिर्लङ | १ को | १७४.७५ | १७५.५१ |
| स्विस फ्रैन्क | १ को | १५३.९९ | १५४.६६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.२३ | ८८.६२ |
| क्यानाडियन डलर | १ को | ९७.७३ | ९८.१५ |
| सिङ्गापुर डलर | १ को | १०३.४१ | १०३.८६ |
| जापानी येन | १० को | ९.१४ | ९.१८ |
| चिनियाँ युआन | १ को | १९.१० | १९.१८ |
| साउदी अरब रियाल | १ को | ३६.९८ | ३७.१४ |
| कतारी रियाल | १ को | ३८.०५ | ३८.२२ |
| थाई भाट | १ को | ४.१२ | ४.१३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.७७ | ३७.९३ |
| मलेसियन रिङ्गेट | १ को | ३१.२८ | ३१.४२ |
| दक्षिण कोरियन वन | १०० को | ९.६१ | ९.६५ |
| स्विडिस क्रोनर | १ को | १२.९६ | १३.०१ |
| डेनिस क्रोनर | १ को | १९.४९ | १९.५८ |
| हङकङ डलर | १ को | १७.८३ | १७.९१ |
| कुवेती दिनार | १ को | ४४९.४७ | ४५१.४१ |
| बहराइन दिनार | १ को | ३६८.०४ | ३६९.६३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# देउवाको भारत भ्रमण स्थगित




**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको भारत भ्रमण अन्तिम दिन आएर स्थगित भएको छ । त्यहाँस्थित उत्तर प्रदेशको प्रयागराजमा इन्डिया फाउन्डेसनले आयोजना गरेको कार्यक्रममा वक्ताका रूपमा देउवा सहभागी हुने कार्यक्रम तय थियो ।

आज र भोलि हुने कार्यक्रमको लागि देउवाको फोटो राखेर फाउन्डेसनले प्रचारसमेत गरेका थिए । देउवा जारी महाकुम्भ मेलामासमेत सहभागी हुने कार्यक्रम थियो । भिड बढ्ने कारण देखाउँदै महाकुम्भमा जाने कार्यक्रम रद्द गरिएको देउवाका स्वकीय सचिव भानु देउवाले बताए । 'कुम्भ ग्लोबल समिट अन डेभलपमेन्ट एन्ड सस्टेनेबिलिटी' मा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ पनि वक्ताका रूपमा सहभागी हुँदैछन् ।

विभिन्न स्रोतले भने देउवाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटको अपेक्षा गरेका थिए । मोदीले भेट नदिने भएसँग देउवाको भ्रमण स्थगित भएको बताइएको छ ।

# शनिबारबाट स्वयम्भू महोत्सव



**काठमाडौं–** काठमाडौं महानगरको वडा १५ ले स्वयम्भू महोत्सव गर्ने भएको छ । सोमबारबाट एक सातासम्म चल्ने महोत्सव भुइखेल चौरमा हुने आयोजकले जनायो ।

स्थानीय धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाको प्रवर्द्धन तथा पर्यटन विकास गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको वडाध्यक्ष ईश्वरमान डंगोलले बताए । 'स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नेछ र समुदायको आर्थिक विकासमा योगदान पुर्‍याउनेछ,' बिहीबार पत्रकार सम्मेलनमा वडाध्यक्ष डंगोलले भने ।

महोत्सवमा करिब ६० वटा स्टल रहने बिहीबार पत्रकार सम्मेलनमार्फत डंगोलले जानकारी दिए । स्थानीय उत्पादन, परम्परागत कलाकृति, मौलिक परिकार, हुलाक टिकट तथा मुद्रा प्रदर्शनी, रञ्जना लिपि लेखनजस्ता आकर्षक गतिविधि महोत्सवको आकर्षण भएको आयोजकले जनायो । महोत्सवमा स्वास्थ्य परीक्षण, रक्तदान तथा विपद् व्यवस्थापनसम्बन्धी प्रदर्शनीसमेत हुनेछ ।

महोत्सवमा परम्परागत बाजा, बौद्ध परम्परा, नेवारी संस्कार र बुद्ध जीवनी सम्बन्धी चित्रकला प्रदर्शनी पनि रहनेछन् । काठमाडौं महानगरपालिका वडा नम्बर १५ ले 'पूर्खाको पौरख, नेपाली गौरव' नाराका साथ आयोजना गर्न लागिएको यो महोत्सव फागुन १७ गतेसम्म चल्नेछ ।

# प्रविधिबारे सीप सिक्दै सामुदायिक विद्यालयका शिक्षक



**पाल्पा (प्रस)–** सूचना एवं प्रविधिमा दक्ष बनाउन शिक्षकलाई सूचना, सञ्चार तथा प्रविधिसम्बन्धी ज्ञान सीप सिकाइएको छ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई लक्षित गर्दै रोटरी क्लब अफ रामपुरले समयानुकूल भित्रिएको प्रविधिबारे ज्ञान तथा सीप सिकाउन तालिम दिएको छ ।

पाल्पाका रामपुर नगरपालिका तथा निस्दी, पूर्वखोला र रम्भा गाउँपालिकाका माध्यमिक विद्यालयका शिक्षकका लागि सूचना तथा प्रविधिसम्बन्धी तालिम सञ्चालन गरिएको हो । शिक्षालाई समयानकूल अगाडि बढाउन र अहिले आएका नयाँ प्रविधिबारे शिक्षकलाई जानकारी दिँदै कक्षाकोठामा प्रविधिको प्रयोग गरेर अध्यापन गराउन सूचना, सञ्चार तथा प्रविधिसम्बन्धी शिक्षकलाई तालिम दिइएको रोटरी क्लबका अध्यक्ष कृतिनाथ श्रेष्ठले बताए ।

'पछिल्लो समय सबैजसो विद्यालयमा कम्प्युटर पढाइ हुन थालेको छ, सरकारी तथा विभिन्न निकायबाट कम्प्युटरलगायतका विभिन्न प्रविधियुक्त उपकरण प्राप्त भएका छन्, तर ती उपकरण शिक्षकले प्रयोग गर्न नजान्दा प्रयोगमा नआएको अवस्था रहेको छ, प्रविधिमा सामुदायिक विद्यालयका शिक्षकलाई दक्ष बनाउन प्रविधिसम्बन्धी ज्ञान सीप दिइएको छ,' उनले भने ।

रामपुरका नगरप्रमुख रमणबहादुर थापाले वर्तमान समय सूचना प्रविधिको युग भएको बताउँदै विद्यालयमा आइसिटीको महत्त्वपूर्ण भूमिका रहेको बताए । रामपुर नगरले विद्यालयलाई प्रविधिमैत्री बनाउन पहल गर्दै आएको उनी बताउँछन् । कतिपय विद्यालयमा रहेका सूचना तथा प्रविधिसम्बन्धी उपकरण सीपको अभावमा प्रयोगविहीन भइरहेको अवस्थामा तालिमले प्रविधिको सदुपयोगका लागि महत्त्वपूर्ण सहयोग गर्ने नगरप्रमुख थापाले बताए ।

क्लबले आगामी दिनमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइसम्बन्धी कार्यक्रम सञ्चालनका लागि पहल गरिरहेको जनाएको छ । रोटरी नेपाल लिट्रेसी मिसन, रामपुर नगरपालिका र रामतुलसी माध्यमिक विद्यालयको सहयोगमा तालिम दिइएको छ ।


## Invitation for Bids

**Province Government, Bagamati Province**
**Water Resources and Irrigation Development Division**
**Sindhuli, Nepal**
**Ist Date of publication: 21st February 2025 (Phalgun 9, 2081 B.S)**

1. **Water Resources and Irrigation Development Division, Sindhuli** invites electronic bids from Nepalese eligible bidders for the construction of projects listed below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Invitation for Bid No | Estimated Amount (NRs, inclusive VAT) | Bid Security Amt(NRs) |
|---|---|---|---|
| 1 | WRIDD-SINDH/SKJRTP/WORKS/NCB-05/081-82 | 2417687.05 | 61000.0 |
| 2 | WRIDD-SINDH/MPRTP/WORKS/NCB-06/081-82 | 1,934,838.20 | 49000.0 |
| 3 | WRIDD-SINDH/LTAISP/WORKS/NCB-07/081-82 | 4,829,239.57 | 121000.0 |
| 4 | WRIDD-SINDH/SHDISP/WORKS/NCB-08/081-82 | 4,829,249.53 | 121000.0 |
| 5 | WRIDD-SINDH/TLISP/WORKS/NCB-09/081-82 | 4,829,159.47 | 121000.0 |
| 6 | WRIDD-SINDH/KSLISP/WORKS/NCB-10/081-82 | 3,863,082.92 | 97000.0 |

**Division Chief**



PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/११/०९ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय: हनुमानदास रोड, मोरङ्ग**

**१. ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य कार्यालय विराटनगर, मोरङ्गमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/०६/१७ मा प्रा.फ.र.नं. २८६८५ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, साबिक विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थित **ए टु जेड कोल्ड स्टोर प्रोप्राइटर : भुपेन्द्र यादव**

**२. ऋणीको विवरण**

शनिश्चर यादवको नाति, महेन्द्र लाल यादवको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने **दिपेन्द्र यादव (ना.प्र.प.नं.: ७८९४५, मोरङ्ग)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. शनिश्चर यादवको नाति, महेन्द्र लाल यादवको छोरा, मोरङ्ग जिल्ला, विराटनगर गा.वि.स./न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भएको **दिपेन्द्र यादव (ना.प्र.प.नं. ७८९४५, मोरङ्ग)**
२. लुटन यादवको नाति, शनिश्चर यादवको छोरा, मोरङ्ग जिल्ला, साबिक जतुवा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला,विराटनगर म.न.पा.वडा नं. १४ बस्ने **महेन्द्र लाल यादव (ना.प्र.प.नं. ११२३ /०३३/३४, मोरङ्ग)**
३. शनिश्चर यादवको बुहारी, महेन्द्र लाल यादवको पत्नी, मोरङ्ग जिल्ला, साबिक जतुवा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने **कौशिल्या यादव (ना.प्र.प.नं. ३१८०३/०३५/०३६, मोरङ्ग)**
४. शनिश्चर यादवको नाति, महेन्द्र लाल यादवको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने **वीरेन्द्र प्रसाद यादव (ना.प्र.प.नं. ६००८८, मोरङ्ग)**
५. महेन्द्र लाल यादवको बुहारी, विरेन्द्र प्रसाद यादवको पत्नी, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने **रेणु यादव (ना.प्र.प.नं. १५१९१, मोरङ्ग)**
६. शनिश्चर यादवको नाति, महेन्द्र लाल यादवको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने **धिरेन्द्र यादव (ना.प्र.प.नं. ६१३, मोरङ्ग)**
७. महेन्द्र लाल यादवको बुहारी, धिरेन्द्र यादवको पत्नी, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने **अन्जु कुमारी यादव (ना.प्र.प.नं. ०५१०६६/९७१७, मोरङ्ग)**
८. शनिश्चर यादवको नाति, महेन्द्र लाल यादवको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने **भुपेन्द्र यादव (ना.प्र.प.नं. ०५/८९९७०, मोरङ्ग)**

**नोटः माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।**

**३. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा अपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०६४/१२/०१ मा दर्ता नं. ५२३२४/०६४/०६५ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, डाइनिया गा.वि.स/न.पा. वडा नं. ८, स्थित **ज्योति बाल कुन्ज एकेडेमी प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. भक्तु साहको नाति, नारेश साहको छोरा, मोरङ्ग जिल्ला, भाथिगाछ गा.वि.स. वडा नं. ५ स्थित स्थायी ठेगाना भई हाल , मोरङ्ग जिल्ला जहदा गा.पा. वडा नं २ बस्ने **कन्हैया कुमार साह (ना.प्र.प.नं. ४८२९७, मोरङ्ग)**
२. बेनी साहको नाति, भक्तु साहको छोरा, मोरङ्ग जिल्ला, भाथिगाछ गा.वि.स. वडा नं. ५ स्थित स्थायी ठेगाना भई हाल , मोरङ्ग जिल्ला जहदा गा.पा. वडा नं २ बस्ने **नारेश साह (ना.प्र.प.नं. १७८३/०३५३, मोरङ्ग)**
३. भकु साहको नाति, नारेश साहको छोरा, मोरङ्ग जिल्ला, भाथिगाछ गा.वि.स. वडा नं. ५ स्थित स्थायी ठेगाना भई हाल , मोरङ्ग जिल्ला जहदा गा.पा. वडा नं २ बस्ने **शम्भु कुमार साह (ना.प्र.प.नं. ७/८१२३, मोरङ्ग )**
४. नारेश साहको बुहारी, कन्हैयाकुमार साहको पत्नी, मोरङ्ग जिल्ला, टकुवा गा.वि.स. वडा नं. २, स्थित स्थायी ठेगाना भई हाल , मोरङ्ग जिल्ला जहदा गा.पा. वडा नं २ बस्ने **रुपा कुमारी साह (ना.प्र.प.नं. ०५२०१६/४९, मोरङ्ग)**
५. भकु साहको बुहारी, नारेश साहको पत्नी, मोरङ्ग जिल्ला, भाथिगाछ गा.वि.स./उ.म.न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **निलम देवी साह (ना.प्र.प.नं. १०१३, मोरङ्ग)**

**शाखा कार्यालयः हाकिमचोक, चितवन**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/११/१९ मा दर्ता नं. २०९९१८/०७५/०७६ कायम भई दर्ता भएको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, देवचुली न.पा. वडा नं. १७ छिपेनी स्थित **केशरा पशु फार्म**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. नन्दराम कडेलको नातिनी, चुरामणी कडेलको छोरी, नवलपरासी जिल्ला, रजहर गा.वि.स. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **यमा कुमारी कण्डेल (ना.प्र.प.नं. ३६३००८-७५, नवलपरासी)**
२. नन्दराम कडेलको नाति, चुरामणी कडेलको छोरा, नवलपरासी जिल्ला, रजहर गा.वि.स. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **रोसन कडेल (ना.प्र.प.नं. ३६२००८/१९१३, नवलपरासी)**
३. मोतीलालको नाति, नन्दराम कडेलको छोरा, बाग्लुङ्ग जिल्ला, बोहरागाउँ आदर्श गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **चुरामणी कडेल (ना.प्र.प.नं. ५८५४/१८२७, बाग्लुङ्ग)**
४. नन्दराम कडेलको बुहारी, चुरामणी कडेलको पत्नी, बाग्लुङ्ग जिल्ला, देविस्थान गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **केशरा कुमारी उपाध्याय (ना.प्र.प.नं. ८४१, बाग्लुङ्ग)**
५. रविलाल काफ्लेको बुहारी, नम्र लाल काफ्लेको पत्नी, नवलपरासी जिल्ला, रजहर गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सीता काफ्ले (ना.प्र.प.नं. ३६३००८/२१३, नवलपरासी)**
६. कमलापती काफ्लेको नाति, रविलाल काफ्लेको छोरा, नवलपरासी जिल्ला, रजहर गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **नम्रलाल काफ्ले (ना.प्र.प.नं. ७/२८५४, नवलपरासी)**

**शाखा कार्यालयः भण्डारा, चितवन**

**ऋणीको विवरण**

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय प्रदेश नं. ३ भरतपुर, चितवनमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/११/२६ मा दर्ता नं. १०९५/०७५/०७६ कायम भई दर्ता भएको चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ८ सिनेमा रोड स्थित **दराई फेन्सी तथा कपडा पसल** **प्रोप्राइटरः आशी दराई**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बुद्धिराम दराईको नाति, लहन दराईको छोरा, चितवन जिल्ला, साबिक चैनपुर गा.वि.स. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **आशी दराई (ना.प्र.प.नं. ३५३०१५/४७७, चितवन)**
२. बुद्धिराम दराईको नाति, लहने दराईको छोरा, चितवन जिल्ला, चैनपुर गा.वि.स वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **झपन बहादुर दराइ (ना.प्र.प.नं. २३३०/०३४/३५, चितवन)**
३. बुद्धिराम दराईको नाति, लहने दराईको छोरा, चितवन जिल्ला, चैनपुर गा.वि.स वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **हिमाल दराई (ना.प्र.प.नं. ०३९७२०, चितवन)**
४. बुद्धिराम दराईको नाति, लहने दराईको छोरा, चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **विमल दराई (ना.प्र.प.नं. ३५-०१-७१-०७६१३, चितवन)**
५. बुद्धिराम दराईको बुहारी, लहन दराईको पत्नी, चितवन जिल्ला, साबिक चैनपुर गा.वि.स वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **सुनमाया दराई (ना.प्र.प.नं. २६९२, चितवन)**
६. लहने दराईको बुहारी, आशी दराईको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **विनिता दराई (ना.प्र.प.नं. ३५-०१-७१-०८८२८, चितवन)**
७. लहने दराईको बुहारी, झपन बहादुर दराईको पत्नी, चितवन जिल्ला, साबिक चैनपुर गा.वि.स. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **शान्ता दराई (ना.प्र.प.नं. ३५३०१५/४३६, चितवन)**
८. लहने दराईको बुहारी, हिमाल दराईको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **रञ्जना दराई (ना.प्र.प.नं. ३५-०१-७४-०५८५१, चितवन)**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### छिमेकीसँग सम्बन्ध सुधारौं

यसपटक भारतको उत्तर प्रदेशस्थित प्रयागराजमा जारी कुम्भमेलामा नेपाली कांग्रेसका नेताहरू पुगे । दक्षिणी छिमेकी राष्ट्र भारतसँग अहिलेको सरकारको सम्बन्ध थप बिग्रँदो छ । प्रधानमन्त्री केपी शर्मा ओलीले भारतसँग सम्बन्ध सुधार गर्न सकेका छैनन् । जसका कारण सत्ता सहयात्री दल नेपाली कांग्रेसका नेताहरू भने धार्मिक 'प्लेटफर्म' प्रयोग गरी कुटनीति सुधार्ने प्रयासमा लागेको देखिन्छ ।

सत्ताको सबैभन्दा ठुलो दलका नेताहरू गगन थापा, डा प्रकाशशरण महत पुगेर गंगा, यमुना र सरस्वतीको त्रिवेणी संगममा स्नान गर्दा नेपाल भारतको सम्बन्ध गासिएको धार्मिक धागो बलियो भएको बुझाई छ । नेपालका तीर्थ जानकी मन्दिर, पशुपतिनाथ, मुक्तिनाथमा भारतीयहरूको बाक्लो भिड लाग्ने गर्छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउँदा यी धार्मिक स्थल छुटाउँदैनन् । सम्बन्ध थप सुधार्न भन्दै कांग्रेस सभापति शेरबहादुर देउवा पनि भारत जाने तयारीमा थिए । तर देउवाले अन्तिम अवस्थामा आएर आफ्नो भारत भ्रमण रद्द गरेका छन् ।

सोमबारमात्र कुम्भमेला पुगेका कांग्रेस महामन्त्री थापाले त्यहाँ पुग्दा आध्यात्मिक शान्ति मिलेको अनुभूति भएको बताएका थिए । कुम्भमेलामा एमालेकी सांसद भगवती चौधरी पनि पुगेकी थिइन् । यद्यपि एमालेले उनको सहभागितालाई आधिकारिकता दिएको छैन । नेताहरू कुम्भमेला जाने भएकैले प्रतिनिधिसभा नै ठप्प छ । सरकारले ल्याएको छ अध्यादेश स्वीकृतिका लागि बहुमत पुऱ्याउन धौधौ परेको बेला पर्सि फागुन ११ गतेसम्मका लागि प्रतिनिधिसभा बैठक स्थगित गरिएको छ ।

सरकारको पछिल्लो अवस्था हेर्ने हो भने कुटनीतिमा लगभग निकै कमजोर हुँदै गएको छ । मन्त्रालयगत खर्चमा परराष्ट्रको सबैभन्दा धेरै खर्च देखिन्छ । तर परराष्ट्रमन्त्री डा आरजु राणा देउवाको दौडधुप खेर गए झैं देखिन्छ । उत्तरी मुलुक चीनबाहेक नेपालको सम्बन्ध अरु देशसँग खस्कँदो छ ।

महाकुम्भ मेला धार्मिक सेतुमात्र हैन, अर्थतन्त्रलाई ठुलो राहत दिने पर्यटकीय महोत्सव हो । उर्जाशील युवाको श्रम बेचेर बाँचिरहेको सरकारले यस्तो खालको महोत्वसबाट पाठ सिक्नुपर्छ । श्रम बेच्न विभिन्न देशसँग सम्झौता गर्दै हिंड्दा नेपालको सम्बन्ध खस्कँदो छ । अर्थतन्त्र अझै नाजुक अवस्थामा पुग्ने देखिन्छ । अमेरिकी सरकारको सहयोग बन्द भएसँगै बेरोजगारी समस्था थपिँदै जाने देखिन्छ । यसैले पनि सरकारले स्वदेशमै रोजगारीको सिर्जना गर्ने र छिमेकीसँगको सम्बन्ध सुधार गर्नुपर्ने आजको टड्कारो आवश्यकता हो ।

# भौगोलिक सूचना प्रणालीको महत्व



■ गम्भीरबहादुर हाडा

भौगोलिक सूचना प्रणालीले पृथ्वीका भू-स्वरूप अथवा घटनालाई रास्टर वा भेक्टर नमूनामा प्रतिनिधित्व गराएको हुन्छ । यसले ती भू-स्वरूपहरूको अवस्थितिका अलावा भू-स्वरूपका बारेमा सूचना अभिलेख गरेको हुनुपर्दछ । उदाहरणका लागि नक्सामा भएको केन्द्रीय रेखाले सडकको प्रतिनिधित्व गरेको हुन्छ । तर त्यसले सडकको अवस्थितिबाहेक अन्य सूचना दिंदैन । अतः सडकको चौडाइ वा कालोपत्रेको प्रकार, अवस्था आदि सूचना भौगोलिक सूचना प्रणालीले सञ्चय गरेको हुन्छ । यस प्रकारका सूचना पाउनका निमित्त भौगोलिक सूचना प्रणालीद्वारा मात्र सम्भव हुन्छ ।

भौगोलिक सूचना प्रणाली सूचना व्यवस्थापन यन्त्र हो, जसले क्षेत्रगत सूचनालाई एकरूपतामा ल्याई सञ्चय, संगठन र उपयोगमा सहयोग गर्दछ । यस्ता सूचनाहरूले हाम्रा प्रत्येक दिनका कामहरूलाई धेरै कार्यदक्षताका साथ पूरा गर्न सक्षम बनाउँछन् । विगतका दुई दशकमा यसको तीव्र वृद्धिले भौगोलिक सूचना प्रणाली प्रविधि सूचना राख्ने तथा एकीकृत गर्न हाम्रा निमित्त मुख्य भूमिका निर्वाह गर्ने तत्त्वको रूपमा आएको छ । सफ्टवेयर तथा हार्डवेयर भौगोलिक सूचना प्रणालीलाई सञ्चालन गर्न आवश्यक कुराहरू हुन् । यी दुवै कुरालाई धेरै बढी प्रयोगकर्ताहरूले धान्नसक्ने तथा सजिलै प्रयोग गर्न सकिने भएका छन् ।

यसको परिणामस्वरूप सफ्टवेयर, हार्डवेयर र सहयोगी कर्मचारीमा ठूलो लगानीविना नै भौगोलिक सूचना प्रणालीको विकास गर्न सकिने हुनाले यसको कार्यान्वयनमात्र आवश्यक हुन्छ । भौगोलिक सूचना प्रणालीको कार्यान्वयको क्रममा हाम्रो सूचनाको पहुच, कार्यकारी जिम्मेवारी तथा नागरिक, सम्भावित विकासकर्मी र अन्य ग्राहकहरूका अनुरोधलाई उत्तर दिन नाटकीय सुधारहरूका रूपमा पाउँछौं । भौगोलिक सूचना प्रणाली सञ्चालन हुने हार्डवेयर कम्प्युटर हो, जसमा भौगोलिक सूचना प्रणाली सञ्चालन हुन्छ । हिजोआज भौगोलिक सूचना प्रणाली सञ्चालन हुन्छ ।

भौगोलिक सूचना प्रणालीको कार्यान्वयनमा तथ्यांक एउटा ज्यादै महत्त्वपूर्ण र खर्चिलो अंग हो । कुनै पनि भौगोलिक सूचना प्रणालीको कार्यान्वयनको सबैभन्दा लामो एवं महत्त्वपूर्ण अंश तथ्यांकाधार हो । तथ्यांकाधार निर्माणका निमित्त योजना तथा व्यवस्थापनको हिसाबले ज्यादै धेरै प्रयास आवश्यक हुन्छ । यस्तो तथ्यांकाधार बनाउन धेरै समय लाग्ने तथा धेरै पुँजी लगानी गर्नुपर्दछ । भौगोलिक सूचना प्रणाली कार्यान्वयनमा तथ्यांकाधारको योजनामाथि पर्याप्त ध्यान केन्द्रित हुनुपर्दछ । जबकि, कुनै पनि संघ-संस्थाहरूले निश्चित प्रयोजनका निम्ति पनि उचित सूचना छनोटमा त्यत्तिकै विचार पुऱ्याउनुपर्दछ ।

खास क्षेत्रमा धेरैजसो भौगोलिक सूचना प्रणालीको प्रयोगमा क्षेत्रगत तथ्यांकको साझा समूह आवश्यक हुन्छ । तापनि फरक-फरक संस्थाहरूद्वारा त्यस्ता तथ्यांक प्रायः अनुशरण गरिएको पाइन्छ । विभिन्न संस्थाहरूबीच तथ्यांकसम्बन्धी सूचना आदानप्रदान गर्ने संयन्त्रको कमीले गर्दा एकै खाले तथ्यांक संकलनमा संस्थाहरू संलग्न भइरहेका छन् । यस्तो प्रयास दोहोरोपन हुनुमा तथ्यांक संकलनमा अपर्याप्त अथवा अनुपयुक्त मापदण्डहरूको प्रयोगको परिणाम पनि हो । हुन त तथ्यांकको पुनः प्रयोगमा मुख्य बाधक तथ्यांकका सम्बन्धमा सूचना आदानप्रदान गर्न संस्थाहरूबीच तत्परता अथवा सचेतनाको कमी हो । यदि तथ्यांक सधैं नै कठिनाइविना उचित मूल्यमा पाउन सकियो भनेमात्र प्रविधिको हिसाबले भौगालिक सूचना प्रणाली साँच्चिकै व्यावहारिक र कम खर्चिलो हुन्छ ।

भौगोलिक सूचना प्रणाली प्रविधि प्रयोग गर्ने जनताविना सीमित दायरामा रहन्छ । यस प्रणालीलाई व्यवस्थित गर्न तथा वास्तविक संसारको समस्याहरूको प्रयोजनका निम्ति योजना बनाउन जनता नै अग्रसर हुनुपर्दछ । भौगोलिक सूचना प्रणालीका प्रयोगकर्ताहरू विभिन्न खालका प्राविधिक विशेषज्ञहरू हुन्छन् । जसले प्रणालीको योजना बनाउने तथा व्यवस्थित तरिकाले राख्ने गर्दछन् । यसमा सम्बन्धित जसले यसको प्रयोग गर्दछन् । तिनीहरूको प्रत्येक दिनको कार्यसम्पादन गर्नमा यसले सहयोग गर्दछ । भौगोलिक सूचना प्रणाली एउटा साँच्चिकै अन्तरविधात्मक क्षेत्र हो । यसको प्रयोग भिन्नभिन्न पृष्ठभूमिका विज्ञहरूमा निर्भर रहन्छ । यसलाई कम्प्युटर र सूचना प्राविधिज्ञहरूबाट प्रणालीमा सहयोग र विश्लेषणका साथै नमूनाहरूको विशिष्ट प्रयोजनका निमित्त सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको लगानी आवश्यक हुन्छ ।

हाम्रा धेरैजसो क्रियाकलापहरू ठाउँ तथा समयसँग कुनै न कुनै रूपमा सम्बन्धित हुन्छन् । आफ्ना व्यक्तिगत योजना जस्तै राष्ट्रिय वा क्षेत्रीय योजना तर्जुमा तथा निर्णय लिने कुरामा अवस्थितिले असर पुऱ्याउँदछ । नयाँ सडकको योजना तर्जुमामा होस् या स्वास्थ्य केन्द्रका लागि उपयुक्त स्थानको खोजी नै किन नहोस्, भौगोलिक अवस्थितिद्वारा हामी प्रभावित हुन्छौं । विश्वमा आज हामीले अत्यधिक जनसंख्या, वनविनास, प्राकृतिक प्रकोपजस्ता नाजुक भौगोलिक आयामहरूको चुनौतीको सामना गरिरहेका छौं ।

भौगोलिक सूचना प्रणाली यथार्थमा भौगोलिक सूचनाहरूको संकलन गर्ने, सञ्चय गर्ने, मिलाउने तथा देखाउने कम्प्युटर प्रणाली हो । भौगोलिक सूचना प्रणालीका लागि धेरै परिभाषाहरू पउन सकिन्छ, तापनि भौगोलिक सूचना प्रणालीमा भौगोलिक विश्लेषण कार्यहरूको मुख्य विशेषता रहेको हुन्छ । यसले अवस्थितिमा आधारित नयाँ सूचना प्रदान गर्ने साधनको काम गर्दछ । भौगोलिक सूचना प्रणालीका चार आधारभूत कार्यहरू छन्: तथ्यांक लिनु, तथ्यांक व्यवस्थापन गर्नु, क्षेत्रगत विश्लेषण गर्नु तथा नतिजाहरूको प्रस्तुतीकरण गर्नु ।

तथ्यांक लिनुः भौगोलिक सूचना प्रणालीमा प्रयोग गरिने तथ्यांकहरू धेरै स्रोतबाट लिइन्छ । ती तथ्यांकहरू धेरै किसिमका हुन्छन् र तिनीहरूलाई विभिन्न तरिकाले सञ्चय गरिन्छ । भौगोलिक सूचना प्रणाली त्यस्तो यन्त्र तथा तरिका हो, जसले निश्चित ढाँचामा तथ्यांक संयोजन/एकीकृत गर्दछ । त्यसबाट तथ्यांकहरूको तुलना तथा विश्लेषण सजिलै गर्न सकिन्छ । मुख्यतः तथ्यांकका स्रोतहरू हातले डिजिटाइजेसन अथवा हवाई फोटोहरूको स्क्यानिङ, कागजी नक्साहरू तथा भएका डिजिटल तथ्यांकहरू हुन् । दूर संवेदना भूउपग्रह प्रतिमा र ग्लोबल पोजिसनिङ प्रणाली (जिपिएस) पनि तथ्यांक लिने/लगाउने स्रोतहरू हुन् ।

तथ्यांक व्यवस्थापनः तथ्यांकको संकलन तथा एकीकरण गरिसकेपछि भौगोलिक सूचना प्रणालीले उक्त तथ्यांक समावेश गर्ने र राख्ने सुविधा प्रदान गर्दछ । तथ्यांकको सुरक्षा, तथ्यांकको सत्यता, तथ्यांकको सञ्चय तथा पुनः प्राप्ति र तथ्यांकको सम्भार प्रभावकारी तथ्यांक व्यवस्थापनका पक्षहरू हुन् ।

क्षेत्रगत विश्लेषणः भौगोलिक सूचना प्रणालीको सबैभन्दा महत्त्वपूर्ण कार्य क्षेत्रगत विश्लेषण नै हो । यसले कम्प्युटर एडेड डिजाइन एवं ड्राफ्टिङ जस्ता अन्य प्रणालीहरूभन्दा फरक कार्य गर्न सक्दछ ।

नतिजाहरूको प्रस्तुतीकरणः भौगोलिक सूचना प्रणालीमा चमत्कारीपूर्ण ढंगले सूचनाहरूको प्रस्तुतीकरण गर्न सकिन्छ । यसमा विभिन्न तरिकाबाट सूचनालाई व्यवस्थित गरेर प्रस्तुत गर्न सकिन्छ । परम्परागत रूपमा तथ्यांकलाई तालिकाबद्ध तथा रेखीय हिसाबले प्रस्तुत गर्ने तरिकालाई नक्सा तथा त्रिआयामिक प्रतिरूपहरूका माध्यमले अझ समृद्ध एवं परिपूरक बनाउन सक्दछ । खोजपूर्ण नक्सा निकाल्न र वैज्ञानिक दृश्यांकन गर्नेजस्ता अन्तरनिहीत क्षमताले गर्दा नै भौगोलिक सूचना प्रणाली नयाँ अध्ययन विधाको रूपमा आइरहेको छ ।

भौगोलिक तथ्यांकका दुई महत्त्वपूर्ण अंगहरू छन्: भौगोलिक स्थिति तथा व्याख्यासूचक वा विशेषता । अर्को शब्दमा लिन्दा क्षेत्रगत तथ्यांक तथा व्याख्यासूचक तथ्यांक दुवैलाई भौगोलिक तथ्यांकको रूपमा लिइन्छ । संयोजन प्रणालीको प्रयोगद्वारा भौगोलिक स्थितिले स्वरूप एवं घटना/वातावरणको अवस्थितिलाई विशिष्टीकृत गर्दछ । व्याख्यासूचक तथ्यांकले क्षेत्रगत वस्तुहरूको विशेषताहरूलाई देखाउँदछ । जस्तो कि परिचय (जस्तैः मकै, ग्रेनाइट, ताल), क्रमवाचक जस्तैः स्तर (वर्ग १, वर्ग २, वर्ग ३) र परिमाण-जस्तैः परिमाण सूचक (पानीको गहिराई, उचाइ, क्षयीकरण दर) । तिनीहरूलाई प्रायः गरेर क्षेत्रगतविनाका तथ्यांकको रूपमा देखाइएका हुन्छन् । त्यसकारण तिनीहरू स्वयंले अवस्थिति सूचनाको प्रतिनिधित्व गरेका हुँदैनन् ।

भौगोलिक सूचना प्रणालीका तथ्यांकको आधारमा स्थलगत भू-स्वरूपहरूलाई कि त भेक्टरमा या त रास्टरको रूपरेखामा सञ्चय गरिएको हुन्छ । भौगोलिक सूचना प्रणालीको तथ्यांकको संरचनाअन्तर्गत नक्साका स्वरूपहरूको स्थितिलाई भेक्टर ढाँचामा ह, थ संयोजन जोडीको रूपमा (कहिलेकाहीँ श संयोजन पनि हुने) सञ्चय हुन्छन् । थोप्ला स्वरूपलाई एउटा ह (थ संयोजन जोडी अथवा यसको नाम वा लेबलद्वारा व्याख्या गरिएको हुन्छ । त्यस्तै गरेर रेखा स्वरूपहरूलाई समूह संयोजन जोडी र यसको नाम अथवा लेबलद्वारा व्याख्या गरिएको हुन्छ ।

सैद्धान्तिक हिसाबले हेर्दा रेखा स्वरूपलाई अनगिन्ती थोप्लाका संख्याद्वारा व्याख्या गरिएको हुन्छ । व्यावहारिक हिसाबले यो असम्भव छ । त्यसकारण रेखास्वरूप सीधा-रेखा खण्डले बनेको हुन्छ । क्षेत्रफललाई बहुभुज भनेर पनि चिनिन्छ । यस्तो बहुभुजलाई संयोजन जोडीका समूह तथा यसको फरक-फरक नाम अथवा लेबलद्वारा बयान गरिएको हुन्छ । यसका सुरु र अन्त्यका संयोजन जोडी एउटै हुन्छन् ।

एउटा भेक्टर ढाँचाले भू-स्वरूपहरूको अवस्थिति, आकृति तथा सीमानालाई ठीक तरिकाले प्रतिनिधित्व गर्दछ । नक्साको सत्यता तथा माननाप जोड्ने प्रक्रियाले मात्र यसको यथार्थतामा कमी हुन सक्दछ । यसका अतिरिक्त भू-स्वरूपहरूको शुद्धता एवं वास्तविकतामा तथ्यांक प्रवेश गराउने वा कम्प्युटरमा लगाउने व्यक्तिहरूको सीप तथा तथ्यांकभित्र पठाउने यन्त्र उपकरणहरूको विखण्डन/क्षमताले पनि त्यत्तिकै भेक्टर तथ्यांकको यथार्थतामा असर पुऱ्याउँछन् । यसको ठीकविपरीत रास्टर अथवा ग्रिडमा आधारित आकारले नक्साका भू-स्वरूपहरूलाई सामान्यीकरण गर्दछ ।

यस ढाँचामा सेल वा पिक्सेलको रूपमा ग्रिड म्याट्रिक्समा राखेको हुन्छ । ठाउँलाई लहर-महल तथा स्तम्भ-महलमा संगठित गरेर थोप्लाका म्याट्रिक्स वा सेलद्वारा परिभाषित गरिएको हुन्छ । यदि लहर-महल र स्तम्भ-महललाई संख्यात्मकरूपमा राखियो भने प्रत्येक तत्त्व स्थितिलाई लह-महल संख्या तथा स्तम्भ-महल संख्या प्रयोग गरेर विशिष्टीकृत गर्न सकिन्छ । तिनीहरूलाई संयोजन प्रणालीको माध्यमद्वारा संयोजन स्थितिमा जोड्न सक्दछौं । प्रत्येक सेलमा एउटा व्याख्यासूचक परिसूचक (एउटा संख्या) हुन्छ । त्यसले तथ्यांकको नाम अथवा भौगोलिक घटनालाई प्रतिनिधित्व गर्दछ । जस्तैः भू-उपयोगको वर्ग, वर्षा अथवा उचाइ । ग्रिडको उपयुक्त आकारले नक्साका भू-स्वरूपहरूलाई कतिको विस्तृतरूपमा प्रतिनिधित्व गरेका छन्, सोको निर्धारण गर्दछन् । भौगोलिक सूचना प्रणालीमा केही खालका तथ्यांकहरूको सञ्चय र प्रशोधनका निम्ति रास्टर ढाँचा उपयोगी हुन्छ ।

भौगोलिक सूचना प्रणालीले पृथ्वीका भू-स्वरूप अथवा घटनालाई रास्टर वा भेक्टर नमूनामा प्रतिनिधित्व गराएको हुन्छ । यसले ती भू-स्वरूपहरूको अवस्थितिका अलावा भू-स्वरूपका बारेमा सूचना अभिलेख गरेको हुनुपर्दछ । उदाहरणका लागि नक्सामा भएको केन्द्रीय रेखाले सडकको प्रतिनिधित्व गरेको हुन्छ । तर त्यसले सडकको अवस्थितिबाहेक अन्य सूचना दिंदैन । अतः सडकको चौडाइ वा कालोपत्रेको प्रकार, अवस्था आदि सूचना भौगोलिक सूचना प्रणालीले सञ्चय गरेको हुन्छ । यस प्रकारका सूचना पाउनका निमित्त भौगोलिक सूचना प्रणालीद्वारा मात्र सम्भव हुन्छ । यस भौगोलिक सूचना प्रणालीले क्षेत्रगत तथा क्षेत्रगतविनाका तथ्यांकहरूबीच सम्पर्क स्थापित गराएको हुन्छ । यस्तो सम्पर्कले भौगोलिक सूचना प्रणाली प्रयोगकर्ताहरूलाई यस प्रणालीमा बढी निपूण बनाउँछ । ती प्रयोगकर्ताहरूले वस्तुहरू कहाँ छन् तथा तिनीहरू के जस्ता छन् भन्ने सम्बन्धमा सूचनाहरू सञ्चय तथा मूल्यांकन गर्न सक्दछन् ।

नक्साको स्वरूप र त्यसको व्याख्याबीचको सम्पर्कका निम्ति प्रत्येक स्वरूपलाई कम्तीमा एक अनुपम पहिचान दिन संख्या प्रयोग गरिन्छ, जसलाई आइडी भनिन्छ । त्यसपछि भू-स्वरूपको क्षेत्रगतविनाका व्याख्या सूचकहरूलाई आइडी संख्याअन्तर्गत प्रायः गरेर एक वा एकभन्दा बढी छुट्टै फाइलमा सञ्चय गरिन्छ । यस्ता क्षेत्रगतविनाका तथ्यांकहरूलाई धेरै तरिका वा रूपमा सञ्चय गर्न सकिन्छ । यी फाइलहरू कस्ता खालका हुने भन्ने कुरा सूचनाहरू राख्ने तथा प्रयोग गर्ने आवश्यकतामा निर्भर रहन्छन् । धेरै भौगोलिक सूचना प्रणाली सफ्टवेयरले व्याख्यासूचक तथ्यांक व्यवस्थित गर्न सम्बन्धित तथ्यांकाधार व्यवस्थापन प्रणालीलाई प्रयोग गर्दछन् । एउटा सम्बन्ध तथ्यांकाधारले तथ्यांकका तालिकाहरूको श्रेणीलाई अनुभूत गराउँदछ । ती तथ्यांक तालिकाहरू साझेदार व्याख्याद्वारा तार्किक हिसाले एक अर्कासँग सम्बद्ध हुन्छन् । कुनै पनि तथ्यांकको तत्त्वबीचको सम्बन्धलाई तालिका नाम, व्याख्या (स्तम्भ-महल) नाम र प्राथमिक व्याख्याको सूचकद्वारा पत्ता लगाउन सकिन्छ । यी खाले प्रणाली ज्यादै लचिला हुन्छन्, जसबाट कुनै पनि निर्दिष्ट प्रश्नको जवाफ तार्किक तथा गणितीय परिचालक प्रयोग गरेर पाउन सकिन्छ ।

*(लेखक अधिवक्ता तथा भक्तपुर बहुमुखी क्याम्पसका अवकासप्राप्त सहप्राध्यापक हुन्)*

## श्रम सरोकार

### वैदेशिक रोजगार बोर्डले के-के काम गर्छ ?

१. नयाँ अन्तर्राष्ट्रिय श्रम बजारको खोजीका लागि अध्ययन गर्ने, गराउने ।
२. वैदेशिक रोजगार प्रवर्द्धनका लागि सूचना संकलन, प्रशोधन र प्रकाशन गर्ने ।
३. वैदेशिक रोजगार कल्याणकारी कोषको परिचालन गर्ने गराउने ।
४. वैदेशिक रोजगारीमा गएका कामदारको हित संरक्षणसम्बन्धी आवश्यक कार्य गर्ने गराउने ।
५. विदेशबाट फर्की आएका कामदारको सीप, पुाजी र निजले सिकेको प्रविधि उपयोग गरी राष्ट्रहितमा लगाउने कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने ।
६. विभिन्न मुलुकसँग गरिने श्रम सम्झौतासम्बन्धी आवश्यक कार्य गर्ने ।
७. वैदेशिक रोजगार अभिमुखीकरण तालिम दिने संस्था दर्ता गर्न योग्यता तोक्नुका साथै तालिमको पाठचक्रम तर्जुमा र स्वीकृत गर्ने ।
८. वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा कामदार र व्यवसायीको हकहितको संरक्षण गर्ने सम्बन्धमा अवलम्बन गर्नुपर्ने अल्पकालीन र दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकारसमक्ष पेस गर्ने ।
९. वैदेशिक रोजगार ऐनको कार्यान्वयन सम्बन्धमा समष्टीगत रूपमा अध्ययन गरी नेपाल सरकारलाई सुझाव दिने साथै कानुनको पुनरवलोकन गर्नुपर्ने देखिएमा सोको पुनरवलोकन गरी आवश्यक सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने ।
१०. सेवा शुल्क तथा प्रवर्द्धनको खर्च निर्धारण गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने ।
११. नेपाली कामदारले विदेशमा कमाएको आय सरल र सुलभ तरिकाले नेपाल भित्र्याउने सम्बन्धमा आवश्यक प्रबन्ध मिलाउनका लागि नेपाल सरकारलाई परामर्श दिने ।
१२. वैदेशिक रोजगारसम्बन्धी कानुनविपरीत कुनै काम कारबाही कसैबाट भए गरेको पाइएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।
१३. इजाजतपत्रप्राप्त वैदेशिक रोजगार व्यवसायी, अभिमुखीकरण र सीपमूलक तालिम सञ्चालन गर्ने संस्थाको अनुगमन गर्ने गराउने ।
१४. अनुगमन गर्दा वा गराउँदा कसैबाट ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै काम भएको पाइएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।
१५. आफूले सञ्चालन गरेको कार्यहरूको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्ने ।
१६. वैदेशिक रोजगारको अवसर तथा जोखिमबारे अध्ययन अनुसन्धान गर्ने, गराउने ।
१७. वैदेशिक रोजगारसम्बन्धी चेतनामूलक कार्यक्रमहरू रेडियो, टेलिभिजन तथा पत्रपत्रिकाद्वारा नियमितरूपमा प्रचार, प्रसार गर्ने, गराउने ।
१८. कामदारको सामाजिक सुरक्षा रणनीति तथा कार्य योजना तयार गर्ने, गराउने ।
१९. वैदेशिक रोजगारमा गएका महिला कामदारका निमित्त सुरक्षित गृहको स्थापना गरी सञ्चालन गर्ने, गराउने ।

## पाठक मञ्च

### मेयर बालेनको ध्यान जाओस्

देशको राजधानीसमेत रहेको काठमाडौं सधैं चर्चा र चासोको केन्द्रमा रहने गर्छ । पछिल्लो समय झन् स्वतन्त्र उम्मेदवारी दिएर बालेन्द्र (बालेन) साहले काठमाडौं महानगरपालिकाको मेयरमा निर्वाचित भएपछि सबैको ध्यान यही बढी केन्द्रित भएको छ । देशको सबैभन्दा ठूलो महानगरको नेतृत्व गरिरहेका बालेनको कामको प्रशंसा र आलोचना दुवै भइ नै रहेको छ । तर, उनी आफ्नै रफ्तारमा अघि बढिरहेका छन् ।

केही दिनअघि मेलम्चीको पानीले काठमाडौंको बबरमहल जलमग्न भयो । त्यसबाट कयौं घरहरू डुबानमा परी प्रभावित भए । आवातजावतसमेत बन्द भए । दिउँसो परेकै कारणले यसबाट मानवीय क्षति हुन पाएन । तर रातमा भएको भए कतिपय मानिसको ज्यानै जान सक्ने जोखिम रहेको थियो ।

हुन त महानगरको कारणले यो घटना भएको त होइन । यद्यपि, महानगरवासीलाई पर्ने हरेक असहजतामा स्थानीय सरकारले सहजीकरण गर्नैपर्छ । यसकारण यस घटनाबारे स्थानीय सरकारको ध्यान जाहोस् । मेयर बालेनको ध्यान आकर्षित गराउन चाहन्छु । समयमै यसको निराकरण गरियोस् । आगामी दिनमा यस्ता दुर्घटना नदोहरियोस् । साथै यस विषयमा सम्बन्धित लापरवाही गर्ने व्यक्ति/निकायलाई सरकारले कडाभन्दा कडा सजाय दिलाइयोस् ।

**- ईश्वर श्रेष्ठ**
सूर्यविनायक नगरपालिका-२, भक्तपुर




**चित्र कोर्दै विद्यार्थी** | म्याग्दीको बेनीमा अवस्थित माउण्ट एभरेस्ट आवासीय माध्यमिक विद्यालयका विद्यार्थीहरू विद्यालयको भित्तामा चित्र कोर्दै । विद्यार्थीहरूले विद्यालयको भित्तामा विभिन्न किसिमका आकर्षक चित्रहरू बनाएका छन् । *तस्बिरः ध्रुवसागर शर्मा/रासस*

जाजरकोट भूकम्प

# रूकुम पश्चिममा दुई हजारले अझै पाएनन् पहिलो किस्ता

**रुकुम पश्चिम (प्रस)**– २०८० कात्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पबाट रुकुम पश्चिममा प्रभावित सबैले अस्थायी आवासका लागि अझैसम्म पनि पहिलो किस्ता पाउन सकेका छैनन् ।

भूकम्प गएको १६ महिनासम्म पनि दुई हजार एक लाभग्राहीले पहिलो किस्ताबापतकै अनुदान रकम नपाएको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ ।

केही समय ढिलागरी लाभग्राहीले फाइल पेस गरेकाले यस्तो समस्या भएको सहायक प्रमुख जिल्ला अधिकारी विनोद रेग्मीले जानकारी दिए । उनका अनुसार दोस्रो किस्ताबापत निकासा भएपश्चात् बचत हुन आउने रकमलाई स्थानीय तहबाट सिफारिस भएबमोजिम लाभग्राहीलाई समानुपातिकरूपमा वितरण गर्ने र अपुग रकम प्राधिकरणसँग माग गर्ने निर्णय विपद् व्यवस्थापन समितिले गरेको छ ।

पहिलो किस्तासमेत प्राप्त गर्न नसकेका दुई हजार एक लाभग्राहीसहित जिल्लामा कूल ३४ हजार ९९७ लाभग्राही कायम भएका छन् । जिल्लामा यसअघि ३२ हजार ९९६ लाभग्राहीलाई मात्र पहिलो किस्ता वितरण भएको थियो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट विपद् पोर्टलमा इन्ट्री भएका जिल्लाका ३२ हजार ९९६ लाभग्राहीका लागि पहिलो र दोस्रो गरी दुवै किस्ता प्राप्त गरिसकेका छन् । त्यसमध्येमा जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषमार्फत स्थानीय तहबाट ३१ हजार ८८१ लाभग्राहीलाई मात्र दोस्रो किस्ता वितरण भएको सहायक प्रमुख जिल्ला अधिकारी विनोद रेग्मीले जानकारी दिए । अन्य बाँकी संघसंस्थाको सहयोगमा अस्थायी आवास निर्माण भएका थिए ।

जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकले पछिल्लोपटक स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट रितपूर्वक माग भई जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा माग हुन आएका १५ हजार ८८१ लाभग्राहीका लागि जिल्ला विपद् कोषबाट स्थानीय विपद् कोषमा निकासा भएको ३९ करोड ९७ लाख २५ हजार रूपैयाँ रकमलाई अनुमोदन गरेको उनले बताए ।

यसअघि १६ हजार लाभग्राहीका लागि २५ हजार रूपैयाँका दरले ४० करोड रूपैयाँ निकासा भई वितरण भइसकेको थियो । योसँगै जिल्लामा कायम भएका ३२ हजार ९९६ लाभग्राहीले अस्थायी आवासका लागि पहिलो र दोस्रो किस्ताबापतको रकम प्राप्त गरेका छन् ।

# तीन वर्षभित्र भूमि समस्या समाधान गर्ने आयोगको प्रतिबद्धता

**महोत्तरी (प्रस)**– भूमि समस्या समाधान आयोगका पदाधिकारीले तीन वर्षभित्र भूमिसम्बन्धी समस्या समाधान गर्ने प्रतिबद्धता जनाएका छन् । बर्दिबासमा आयोगले बुधबार आयोजना गरेको सरोकार भएकाहरूसँगको मधेस प्रदेशस्तरीय अन्तर्क्रियामा आयोग पदाधिकारीहरूले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

'वर्तमान आयोगले आफ्नो कार्यकालको तीन वर्षभित्रै सबै भूमिहीन र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपत्र प्रदान गरिसक्ने छ,' कार्यक्रममा आयोगका केन्द्रीय अध्यक्ष हरिप्रसाद रिजालले प्रतिबद्धता जनाउँदै भने, 'यस कार्यका लागि तीनै तहका सरकार, सरोकारवाला र सम्बद्धपक्षबीच समाधानमुखी सहकार्य भने अपरिहार्य छ ।' यसका लागि आयोगले अहिले भूमिसम्बन्धी वर्तमान समस्याको पहिचान, कामहरूको प्राथमिकीकरण र भूमिसम्बन्धी अध्यादेशको संशोधनका विषयमा केन्द्रित भई काम गरिरहेको उनको भनाइ छ ।

कार्यक्रममा आयोगका पदाधिकारीले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीका व्यवस्थापनका सवालको विश्लेषण गरिँदै यसलाई तीन वर्षभित्र सक्ने तालिकामा काम थालिएको बताए । 'हामी समस्याकेन्द्रित भएर सूक्ष्म ढंगले तिनलाई केलाउँदै अघि बढ्दै छौं,' कार्यक्रममा आयोगका विज्ञ सदस्य जगत् बस्नेतले भने, 'खुला छलफल र अन्तर्क्रियाबाट समस्या पहिल्याउने क्रम जारी छ, कामलाई तालिकामा ढालेका छौं । तीन वर्षभित्र यी समस्या समाधान हुने छन्, भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासी सबैले जग्गाधनी प्रमाणपत्र पाउने छन् ।'

यसैगरी आयोगका केन्द्रीय सदस्य कृष्ण प्रसाईंले आयोगका जिल्ला पदाधिकारीहरूसँग भीडभाड र भनसुन केन्द्रित नभई कानुनअनुसार काम केन्द्रित भएर लाग्न आग्रह गरे । कार्यक्रममा आयोगका महोत्तरी अध्यक्ष पीताम्बर महतोले आयोगले निर्दिष्ट गरेको नीति अवलम्बन गर्दै जिल्लाभित्रका भूमि समस्या समाधान गरिने अठोट व्यक्त गरे ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/०९**

**ओ.जे. अर्गानिक्स नेपाल प्रा.लि.** को मिति २०८१/१०/२७ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **क्रसबोर्डर बिजनेस ट्रेस सेन्टर नेपाल प्रा.लि. (प्रा.लि. नं.: ३१९१६९)** कायम गर्ने गरी मिति २०८१/११/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# ऐतिहासिक स्थल अजयमेरुकोटको उत्खनन गरिँदै

**अमरगढी (डडेलधुरा)**– यहाँको अजयमेरु गाउँपालिकास्थित डोटेली राज्यको इतिहास बोकेको अजयमेरुकोटको उत्खनन सुरु गरिएको छ । पुरातत्त्व विभागको टोलीद्वारा उक्त कोटको उत्खनन सुरु गरिएको हो ।



उत्खननका लागि गाउँपालिकाले ९० लाख रूपैयाँ विनियोजन गरेको थियो । सो बजेटको सहयोगमा पुरातत्त्व विभागको टोलीले २३ दिनदेखि उत्खनन गरिरहेको छ । अजयमेरुकोट कत्युरी राजवंशको उत्कृष्ट कलाशैलीमा निर्माण गरिएको पुरातत्त्व विभागका प्रमुख पुरातत्त्व अधिकृत एवं पुरातत्त्वविद् भाष्कर ज्ञवालीले बताए । पहिलोपटक उत्खनन गरी अध्ययन, अनुसन्धान सुरु गरिएको यहाँको कलाकृति र निर्माण शैली फरक भएका कारण यो कत्युरी राजवंशको प्रभाव क्षेत्र रहेको उनले बताए ।

अधिकृत ज्ञवालीका अनुसार उत्खननका क्रममा भग्नावशेषको 'नम्बरिङ' गर्ने काम भइरहेको छ । उनले भने, 'अजयमेरुकोटको विशिष्ट कलाकृति र निर्माणशैली कर्णाली नदी पूर्वका देवलभन्दा फरक छ ।'

उत्खननमा प्राप्त विवरणअनुसार बीचमा मण्डप बनाएर दायाँबायाँ देवल बनाउने शैली छ । बैठक कक्ष र नाउला विशिष्ट किसिमका छन् । अजयमेरु कोटलाई विश्वसम्पदा सूचीमा समावेश गराउने प्रयासस्वरूप पुरातत्त्व विभागको अर्को टोलीले थप अध्ययन गर्ने उनले बताए ।

सुदूरपश्चिम प्रदेशका सामाजिक विकास राज्यमन्त्री सरस्वती खड्काले अजयमेरुकोटजस्ता ऐतिहासिक तथा पर्यटकीयस्थलको संरक्षण र प्रवर्द्धनमा तीनै तहका सरकारको ध्यान जानुपर्ने बताए । उनले प्रदेश सरकार यस्ता कार्यक्रममा आवश्यक सहयोग गर्न तयार रहेको बताए । अजयमेरु कोट संरक्षणको महत्त्व अझ बढ्दै गएकाले स्थानीय तहले संघ र प्रदेश सरकारबाट थप बजेट तथा आवश्यक सहयोग माग गरेको अजयमेरु गाउँपालिकाका अध्यक्ष उमेश भट्टले बताए ।

अजयमेरुकोटको स्थापना १३औं शताब्दीको उत्तरार्द्धमा कत्युरी वंशका दुई भाइ राजकुमार सहस्त्रपाल र निरयदेव पालले सिञ्जा राज्यसँग लडाइँ गरी जितेर स्वतन्त्र राज्य घोषणा गरी कोट स्थापना गरेको किम्वदन्ती छ ।

एकथरिले यस कोटलाई राजा नागी मल्लद्वारा निर्माण गरिएको पनि भन्ने गरेका छन् । यद्यपि प्रमाणहरूले यो कोट कत्युरी वंशजका पाल राजाले निर्माण गरेको पुष्टि भएका छन् । रैका राजवंशका नागी मल्लले वि.सं. १४४१ मा अजयमेरुलाई कब्जा गरेपछि मात्रै अजयमेरुकोट नागी मल्लको कोटका रूपमा चिनिएको बताइन्छ । यस ठाउँमा राजा निरयपालदेवका ताम्रपत्र र वि.सं. १४१९ सम्मका शिलालेखहरू पाइन्छन् ।

अजयमेरुकोटमा प्राचीन दरबारको भग्नावशेष, नाउला, देवल, वीरखम्ब, कलात्मक सिलिङ, राजाको बैठकस्थलसहितका ऐतिहासिक वस्तु छरिएर रहेका छन् । हाल अजयमेरुमा रहेका तीन नाउलामध्ये दुई नाउलाको भग्नावशेष मात्र छन् । एक नाउला पानी खान प्रयोग भइरहेको छ । ढुंगे देवल र नाउलामा कुँदिएका कलात्मक मूर्तिले प्राचीन वास्तुकला झल्काउँछ ।

अजमेरुकोटको मुख्य दरबार भएको स्थानको डाँडालाई गाड (खोला)ले घेरेको छ । तल गाडदेखि माथि कोट भएको स्थानमा पुग्न १५-२० मिनेट उकालो उक्लनुपर्छ । कोट भएको डाँडामाथि दरबार र राजाका भाइभारदार बस्ने हवेली भग्नावशेषका रूपमा देखिन्छन् । दरबारको संरचना सबै भत्केको अवस्थामा छ । बन्ने बेलामा मुख्य दरबार सात तलाको थियो भनिन्छ । सबैभन्दा माथिल्लो तलाबाट उत्तराखण्डमा कत्युरी राजाबाट निर्माण गरिएको कत्युरी राजवंशको कुलदेवी जगदम्बा भगवतीको मन्दिरको दर्शन गर्ने र जल चढाउने गरिन्थ्यो ।

यही छेउतिर राजाका घोडा बाँध्ने स्थान छ । यसलाई स्थानीयवासी 'घोलिडाँस' (घोडाको तबेला) भन्ने गर्छन् । दरबारस्थलको पूर्व-दक्षिणबाट तल गाड (खोला) भएको स्थानसम्म रानीले पानी भर्न र नुहाउन जाने जमिनभित्रबाट कोरेर ढुंगाले चिनेर माथिबाट बन्द भएको कोटदेखि गाडसम्म जाँदा अँध्यारो नहोस् भन्ने उद्देश्यले बनाएका २५ वटा झ्यालसहितको प्राचीन सुरुङ छन् ।

कोटस्थलदेखि गाडको किनारमा दरबारका मान्छेको बैठकस्थल छ । यसलाई स्थानीयवासी 'ओखडेकी माँडौं' भन्छन् । गाडको केहीमाथि दुईवटा देवल छन् यसै करपुटार खेतको सिरानमा पानी खाने तीन वटा प्राचीन नाउला छन् । यो स्थल ऐतिहासिक मल्लकालको दरबार अवलोकनका लागि प्रसिद्ध छ । *रासस*


## युएइमा रोजगार

कम्पनी : Ontime Manpower Supply

पूर्व स्वीकृति मिति : २०८१/११/०८ | LT. No. 319089 | चलानी नं. ६०२३३३०१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Brick Mason | 25 | 0 | 1300 | ४९,१८५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 25 | 0 | 1300 | ४९,१८५ | | | | | | | |
| 3 | Cleaners | 25 | 0 | 1000 | ३७,८३५ | | | | | | | |
| 4 | Factory Worker | 50 | 0 | 800 | ३०,२६५ | | | | | | | |
| 5 | Steel Fixer | 25 | 0 | 1300 | ४९,१८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय, लाजिम्पाट, काठमाडौंमा मितिः २०८१ फागुन १६ गते (28th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | - |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GSO Govt. License 756/064/65

**GRAND SHIKHAR OVERSEAS PVT LTD**
Lazimpat, Kathmandu, Tel: +977-1-4516940, Web: gso@grandshikhar.com

## युएइ/साउदीमा रोजगार

कम्पनी : FWI TECHNICAL SERVICES CO. LLC

पूर्व स्वीकृति मिति : २०८१/११/०८ | LT. No. 319159 | चलानी नं. ६०२३३३११

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | False Ceiling Carpenter | 1 | 0 | 1200 | ४५,४०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Const. Carpenter | 2 | 0 | 1200 | ४५,४०० | | | | | | | |
| 3 | Masons (Allround skilled) | 3 | 0 | 1200 | ४५,४०० | | | | | | | |
| 4 | Painter (Building/Wall) | 2 | 0 | 1200 | ४५,४०० | | | | | | | |
| 5 | Tile Fixer (Tile Maker) | 1 | 0 | 1200 | ४५,४०० | | | | | | | |

कम्पनी : MASADAR AL-TAUM For food products

पूर्व स्वीकृति मिति : २०८१/११/०८ | LT. No. 319157 | चलानी नं. ६०२३३३१८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | KITCHEN WORKER | 4 | 0 | 1000 | ३७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १६ गते (28th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org

## युएइमा रोजगार

कम्पनी : AL RIQA BLDG.CONT. LLC.

पूर्व स्वीकृति मिति : २०८१/११/०८ | LT. No. 319114 | चलानी नं. ६०२३३३३१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Carpenter | 11 | 0 | 1200 | ४५,४०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 6 | 0 | 900 | ३४,०५० | | | | | | | |
| 3 | Painter | 2 | 0 | 1200 | ४५,४०० | | | | | | | |
| 4 | Steal Fixer | 6 | 0 | 1200 | ४५,४०० | | | | | | | |
| 5 | Stone Mason | 15 | 0 | 1200 | ४५,४०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १६ गते (28th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1682/080/081

**NEPAL WORLD OVERSEAS PVT.LTD**
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677,
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

## युएइमा रोजगार

कम्पनी : Ali & Sons Contracting Compay Owned By Ali And Sons Holding-sole Proprietorship L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/०८ | LT. No. 313837 | चलानी नं. ६०२२८१९६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Labour | 166 | 0 | 800 | ३०,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Emarat Aloula Contracting One Person Company L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०८/०२ | LT. No. 313808 | चलानी नं. ६०२२८१८९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Female Cleaners | 0 | 10 | 850 | ३२,१६० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaners (Janitorial) | 63 | 0 | 800 | ३०,२६५ | | | | | | | |
| 3 | Pest Control Technicians | 2 | 0 | 1200 | ४५,४०० | | | | | | | |
| 4 | Tea Boy | 38 | 0 | 850 | ३२,१६० | | | | | | | |
| 5 | Team Leaders | 5 | 0 | 1400 | ५२,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १६ गते (28th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1650/080/81

**PRAKASH HUMAN RESOURCE PVT**
Sinamangal-9, Shambhu Marg Kathmandu Nepal, T: +977-1-4560201
Email:- info@prakashhumanresource.com, Web: prakashhumanresource.com


## धरान उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**धरान-१२, सुनसरी**

### आर्थिक प्रस्ताव खोल्ने सूचना !

*प्रकाशन मिति : २०८१/११-०९ गते*

प्रस्तुत सम्बन्धमा यस कार्यालयको तपसिल वमोजिमको ठेक्काका लागि EOI मार्फत छनोट भएका प्रस्ताव दाताहरू सँग RFP माग गरी निर्धारित समयसम्म प्राप्त भएका प्रस्तावहरूमध्ये प्राविधिक प्रस्ताव पूरा गर्ने तपसिल वमोजिमका प्रस्ताव पत्र दाताहरूको आर्थिक प्रस्ताव मिति २०८१/११/१८ गते आइतबार दिनको ११:०० बजे खोल्ने सम्बन्धमा यो ७ (**सात**) दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | विवरण | प्राविधिक प्रस्ताव उत्तिर्ण गर्ने प्रस्ताव पत्रदाताहरू |
|---|---|---|---|
| १. | *(DRN/PC/02/2080/81)* | Professional Cook | 1. Brilliant Manpower Training Center Pvt. Ltd. Gogabu, Kathmandu<br>2. Expert Technical College Nepal, Itahari, Sunsari<br>3. Dynamic Technical Education and Vocational Training Pvt. Ltd, Butwal-4<br>4. Pathibhara Himalaya Polytechnic Institute, Itahari, Sunsari<br>5. Tinau Bahu Prabidhik Shikshalaya pvt. Ltd. Butwal |
| २. | (01/DHARAN/CONS/EOI/081/82) | Professional Light Vehicles | 1. Jayan Technical College of Technology, Butwal |

# भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति
वि.सं. २००९/०५/१२

स्वर्गारोहण मिति
वि.सं. २०८१/१०/१८

**स्व. पुगेल्जेन शेर्पा**

यस शेर्पा सेवा केन्द्रको संरक्षक सदस्य **श्री पुगेल्जेन शेर्पा (खम्बाचे)** ७२ वर्षको उमेरमा असामयिक निधन भएकोले आज २१औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**गेल्जे लामा**
**अध्यक्ष**
**तथा**
**सम्पूर्ण शेर्पा सेवा केन्द्र स-परिवार**
**बौद्ध, टुसाल, काठमाडौं**

# प्रभाव दैनिक

रूपशाला



## 'बरको छाँयाले' सार्वजनिक

चर्चित गायिका प्रीति आले र गायक सूर्य राई दनुवारको स्वरमा गीत 'बरको छाँयाले' सार्वजनिक भएको छ । नारायण नेपालको शब्द रहको गीतमा गायक सूर्य राईकै सङ्गीत छ । गीतको भिडियोमा गायिका प्रीति आले, सुर्यराई दनुवार, उमेश कुमार, शिला गजुरेल, सुमन ज्योति न्यौपाने लगायतको अभिनय छ । गीतको सङ्गीत संयोजन भने सञ्जय हमालले गरेका हुन् । सुरेन्द्र बसेलको निर्देशन रहेको रहेको भिडियोमा देव दोर्जे लामाको छायांकन र राकेश दाहालको सम्पादन छ ।






# 'मिसेस भोग नेपाल' को उपाधि सुमीलाई



■ प्रभाव संवाददाता

**काठमाडौं –** 'मिसेस भोग नेपाल-२०२५' को उपाधि सुमी मल्लले जितेकी छिन् । बुधवार अबेर राति बौद्धस्थित बौद्ध हेरिटेजमा आयोजित प्रतियोगितामा मल्लले 'मिसेस भोग नेपाल-२०२५ ब्राण्ड एम्बासडर' को उपाधि जितेकी हुन् ।

प्रतियोगितामा रुथ शिवाकोटीले कमर्सियल एम्बासडरको उपाधि जित्न सफल भइन् । ग्राण्ड फिनालेको फाइनल चरण अर्थात टप फाइभमा सुमी मल्ल, रुथ सिवाकोटी, सञ्जु श्रेष्ठ, प्रिया खड्गी तथा स्वेता बज्राचार्यबिच निकै कडा प्रतिस्पर्धा भएको थियो । सार्वजनिक गरिएको नतिजा अनुसार सञ्जु श्रेष्ठले फर्स्ट रनर्सअप, प्रिया खड्गीले सेकेण्ड रनर्सअप तथा स्वेता बज्राचार्यले थर्ड रनर्सअपको उपाधिमा चित्त बुझाए । प्रतियोगितामा समाजका विभिन्न क्षेत्रलाई प्रतिनिधित्व गरेका १७ जना विवाहित महिलाहरूले भाग लिएका थिए । विभिन्न क्षेत्रमा भिन्दै परिचय बनाइसकेका प्रतियोगिहरूले प्रतियोगितामा उत्कृष्ट प्रस्तुति दिएका थिए । हाउस अफ फेसनले प्रतियोगीता आयोजना गरेको थियो ।

# धर्म प्रचार गरेका छैनौं : *मह जोडी*

■ प्रभाव संवाददाता

**काठमाडौं–** कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले अमेरिकी विकास सहायता (युएसएआइडी) को रकम धर्म प्रचारमा प्रयोग नगरेको प्रस्टीकरण दिएका छन् । आफूहरूमाथि सामाजिक सञ्जालमा लागेको आरोपबारे बिहीबार एक भिडियो सन्देशमार्फत त्यसको खण्डन गर्दै महजोडीले अनर्गल प्रचार गरिएकोप्रति आपत्ति जनाएका छन् ।

'हिजोआज सामाजिक सञ्जालमा महजोडीले युएसएआइडीको पैसा लिएर धर्मविरोधी काम र प्रचार गऱ्यो भनेर अनर्गल प्रचार गरिएको छ । हामीलाई आफ्नो हितैशीहरूबाट नै यस्तो आरोप सुन्नुपर्दा अत्यन्तै चित्त दुखेको छ,' मदनकृष्णले भने, 'हामीले राम्रो राम्रो मात्र छानेर काम गर्दै आइरहेका छौं । जस्तो कि कुष्ठरोग सम्बन्धी, क्षयरोग खोपसम्बन्धी जनचेतना यी अधर्म कुरा हैनन् । यहाँहरूले हाम्रो टेलिफिल्म हेरेर जाँच्नु भए हुन्छ ।'

हरिवंश आचार्यले युएसएआइडी र नेपाल सरकारसँगको सहकार्यमा सचेतना फैलाउने -मदनबहादुर-हरिबहादुर' 'आमा', 'असल लोग्ने' जस्ता टेलिफिल्महरूबाट कुनै धर्मविरोधी प्रचार नगरेको प्रस्ट्याए । 'यो हामीले युट्युबमा किताबजस्तै छर्लंगै हुने गरी राखेका छौं । त्यहाँ कहीँ पनि सनातन हिन्दू धर्म, बुद्ध धर्म र कुनै पनि धर्मको विरोध गरेका छैनौं । अर्को धर्म लिनुपर्छ भनेर उकासेका पनि छैनौं,' उनले भने ।

हरिवंशले ०५२ मा 'पन्चायत व्यवस्थाको सराद्धे' कार्यक्रम गर्दा त्यसमा पण्डित पात्रको प्रवृत्तिमाथि व्यंग्य गरेको कुरालाई लिएर पनि भ्रम सिर्जना गरिएको बताए । 'पण्डित भन्दैमा भगवान हुँदैन । व्यंग्य पण्डितलाई पनि गर्न पाइन्छ । नेतालाई पनि गर्न पाइन्छ । प्रहरी, डाक्टर, वकिल, सबैलाई गर्न पाइन्छ । त्यसको टुक्रा राखेर सनातन धर्मको विरोध गऱ्यो भन्नु कपोकल्पित कुरा हो,' उनले भने, 'हामी हाम्रो काममा निरन्तर लागिरहन्छौं । पछाडि यस्ता किसिमका कुरा आएर हामी हतोत्साहित हुँदैनौं,' उनले भने ।

# हिंसात्मक दृश्य काटिएपछि 'ताण्डवम्' सेन्सर पास




■ प्रभाव संवाददाता

**काठमाडौं–** अत्यधिक हिंसात्मक दृश्य रहेको भन्दै सेन्सर रोकिएको सिनेमा 'ताण्डवम्' सेन्सर पास भएको छ । निर्माण टिमले व्यापक काँटछाँट पश्चात केन्द्रीय चलचित्र जाँच पास समिति (सेन्सर बोर्ड) पिजी सर्टिफिकेट दिएको निर्देशक जुनिम गहतराजले बताए ।

अब यो सिनेमा हेर्न १६ वर्ष मुनिका बालबालिकाले अभिभावक साथ लिएर जानुपर्नेछ । सिनेमा अभिनेता समेत रहेका निर्देशक जुनिमले कथाको मर्म नमर्ने गरी सिनेमाको हिंसात्मक दृश्य काटिएको बताए । पहिलो पटक सेन्सर गर्न लैजाँदा २ घण्टा ६ मिनेट लामो सिनेमाले दोस्रो सेन्सरबाट करिब १ घण्टा ५६ मिनेटको रनटाइम बनाइएको छ । पुरा सिनेमाबाट करिब १० मिनेट रनटाइम घटाइएको निर्देशक गहतराजले जानकारी दिए ।

'हामीले राम्रो सिनेमा दर्शकलाई पस्किने प्रयास गरेका छौँ । दर्शकले पनि मन पराउने विश्वास हामीलाई छ,' निर्देशक गहतराजले बताए । काँटछाँट गरिएको सिनेमालाई समेत सेन्सर पदाधिकारीले रुचाएको उनले जानकारी दिए । सेन्सरबाट राम्रो प्रतिक्रिया मिलेकाले दर्शक तथा समीक्षकलाई पनि 'ताण्डवम्' मन पर्ने विश्वास निर्देशकको छ । सिनेमाको सेन्सर पास भएसँगै आजै अग्रिम टिकट बुकिङ खोल्ने तयारी निर्माण टिमको छ । भोली शुक्रवार फागुन ९ गतेबाट सिनेमा देशभरका सिनेमा घरमा रिलिज हुनेछ ।

सिनेमामा पुष्कर गुरुङ, प्रेम सुब्बा, जुनिम गहतराज, अङ्कित खड्का, सरिना मगर, अनोज पाण्डे, कमल कार्की र गोपाल कटुवालको अभिनय रहेको छ । सिनेमाले एक नव विवाहित जोडी जो आफ्नो पहिलो सन्तानको स्वागतको तयारी गरिरहँदा उनीहरू जीवनमा घट्ने अकल्पनीय घटनाले निम्त्याउने उतारचढावको कथालाई पारिवारिक तथा एक्सन थ्रिलर जनरामा प्रस्तुत गरिएको छ ।

सिंहदेवी प्रोडक्सनले भिजुयल आर्ट्स स्टुडियोको सहकार्यमा निर्माण भएको सिनेमाका निर्माता धनकुमारी गहतराज, सविना मगर र मनिष गौतम हुन् । हरि घले लामाले खिचेको सिनेमामा सम्राट् बस्नेतको एक्सन निर्देशन, सुशान्त गौतमको सङ्गीत र कोबिद बज्रको ब्याग्राउण्ड म्युजिक रहेको छ । सिनेमाको कथा, पटकथा तथा संवाद अनिरुद्ध आत्रेय र हुसेनले लेखेका हुन् ।



# साम्बाको गोलमा नेपाल फाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** घरेलु टोली नेपालले इन्टर नेसनल वुमेन्स च्याम्पियनसिपको उपाधिका लागि म्यानमारको सामना गर्ने भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बिहीबार सम्पन्न खेलमा लेबनानलाई १-० ले हराउँदै एक खेलअगाबै फाइनलमा स्थान बनाएको हो । नेपालको जितमा सावित्रा भण्डारी साम्बाले गरेको गोल नै निर्णायक बन्यो । यो जितसँगै नेपालले दुई खेलबाट ६ अंक पुऱ्याएको छ । म्यानमारले पनि समान खेलबाट ६ अंक पुऱ्याएको छ । तर, गोलअन्तरमा भने म्यानमार अगाडि छ । अब यी दुई टोलीले लिगचरणको अन्तिम खेल आइतबार खेल्नेछन् ।

लेबनान र किर्गिस्तान भने एक खेलअगाबै प्रतियोगिताबाट बाहिरिएका छन् । चार खेलाडी परिवर्तन गर्नै मैदान उत्रिएको लेबनानले आक्रामक सुरुआत गरेको थियो । खेलको नवौं मिनेटमै लेबनानकी लयला इस्कान्दारको पासमा क्रिस्टी मालोयसले प्रहार गरेको बललाई अञ्जिलाले सुन्दर बचाउ गरिन् ।

त्यसपछि पनि लेबनानले आफ्नो आक्रामण निरन्तर जारी राख्यो । त्यसको तीन मिनेटपछि नै लायलाले गोलकिपर अञ्जिलालाई बिट गर्दै प्रहार गरेको बल पोस्टनजिकबाट बाहिरिँदा सुरुआती अग्रता लिन चुक्यो । खेलको सुरुआती १५ मिनेट नेपाली डिफेन्डर व्यस्त रहे । तर, त्यसपछि भने नेपालले पनि आक्रामण बुन्यो ।

१७औं मिनेटमा रेखा पौडेलले सुन्दर अवसर गुमाइन् । सबिता रानामगरको क्रसलाई हेडर गर्ने प्रयास गरेपनि सफल हुन सकिनन् । २३औं मिनेटमा साम्बाको प्रहार पोस्टको वाइडबाट बाहिरियो ।

२६औं मिनेटमा विमला चौधरीको हेडर फितलो रह्यो । उनले यसअघि किर्गिस्तानविरुद्ध निर्णायक गोल गरेकी थिइन् । लगत्तै ओपन चान्समा रेखाले बल भेटाउन सकिनन् । त्यसलगत्तै फेरि साम्बाको प्रहारले पोस्टको दिशा लिन सकेन ।

३१औं मिनेटमा लेबनानकी लायलाले अर्को अवसर बुनेकी थिइन् । तर, पेनाल्टी बक्समा अगाडी बढ्दै अञ्जिलाले सुन्दर बचाइ गर्दिइन् । नेपाललाई अग्रता लिन भने ४२औं मिनेटसम्म कुर्नुपरेको थियो ।

साम्बाले पेनाल्टी बक्सभन्दा बाहिरबाट प्रहार गरेको बल लेबनानी डिफेन्डरलाई डिफ्लेक्ट हुँदै गोलमा परिणत हुन पुग्यो ।

५९औं मिनेटमा सावित्राले पेनाल्टी बक्सबाट गरेको प्रहार आकासियो उनले रेखाको क्रसलाई सदुपयोग गर्ने प्रयास गरेकी थिइन् । दोस्रो हाफको इन्जुरी समयमा लेबनानले बराबरी गर्ने अवसर पुनः गुमायो । जावा अर्बिले पेनाल्टी बक्सबाहिरबाट प्रहार गरेको बल माथिल्लो बारमा लागेर फर्कियो ।

म्यानमार पनि समान खेलबाट ६ अंक जोड्दै फाइनलमा पुगिसकेको छ । यी दुवै टोलीबीचको फाइनल अघिको खेल पनि हुनेछ । पहिलो खेलमा किर्गिस्तान म्यानमारसँग ५-० ले पराजित भएको थियो । नेपालले यसअघि पहिलो खेलमा कीर्तिस्तानलाई १-० ले पराजित गर्दै प्रतियोगितामा विजयी सुरुवात गरेको थियो ।

### साम्बा प्लेयर अफ द म्याच

नेपाललाई इन्टरनेसनल वुमेन्स च्याम्पियनसिपको फाइनलमा पुऱ्याएकी सावित्री भण्डारी प्लेयर अफ द म्याच बनेकी छन् । त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा बिहीबार सम्पन्न लिगको दोस्रो खेलमा नेपाललाई जित दिलाउन सावित्राले निर्णायक गोल गरेकी थिइन् । उनले ४२ औं मिनेटमा गरेको गोल नै नेपाललाई उपाधिनजिक पुऱ्याउन पर्याप्त बन्यो ।

# झापा-११ भद्रपुर झापा गोल्डकपको क्वार्टरफाइनलमा




■ प्रभाव संवाददाता

**भद्रपुर–** झापा ११ एफसी सौर्य एअर ओम साई पाथिभरा हस्पिटल गम्भीर राई स्मृति संस्करण भद्रपुर झापा गोल्डकप अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगिताको क्वार्टर फाइनलमा प्रवेश गरेको छ । भद्रपुरस्थित मेची रंगशालामा बिहीबार भएको दोस्रो दिनको खेलमा मछिन्द्र फुटबल क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै झापा ११ क्वार्टर फाइनलमा प्रवेश गरेको हो । झापाले इटहरी गोल्डकपमा मछिन्द्रसँग व्यहोरेको हारको बदला लिएको छ ।

झापाका लागि खेलको २९ औँ मिनेटमा एक मात्र गोल बबिन बोहोराले गरे । एरोन थापाको क्रस पासमा बोहोराले वान टच गोल गरेका थिए । उनको गोल नै निर्णायक बन्यो । झापाले क्वार्टर फाइनलमा चर्च ब्वाइज युनाइटेडको सामना गर्नेछ ।

बी डिभिजन लिगको तयारी गरिरहेको झापाले ए डिभिजन लिग उपविजेता मछिन्द्रलाई पहिलो खेलबाटै घर फर्काएको छ ।

निर्धारित ९० मिनेटको खेलमा दुवै टोलीले एक दर्जनभन्दा बढी प्रहार गरे पनि थप गोल भने हुन सकेन । खेलको २१ औँ मिनेटमा झापाका स्टाइकर पेनाल्टी एरियामा अनमार्क रहेका बोहोराले पाएको अवसर खेर फाले । ६२ औँ मिनेटमा काउन्टर अट्याक गरेका झापाका हरिबहादुर आले मगरको पावरफुल प्रहार मछिन्द्रका गोलरक्षक विशाल श्रेष्ठले बचाउ गरे । खेलको ७८ औँ मिनेटमा झापाका प्रदिप बुढाथोकीले पेनाल्टी एरियाबाट गरेको प्रहार विपक्षी गोलकिपर श्रेष्ठले रोके । ८० औँ मिनेटमा एलन थापाले गोल गर्न नसक्दा झापाले अग्रता दोब्बर बनाउन चुक्यो ।

मछिन्द्रले खेलको २० औँ मिनेटमा अग्रता लिने अवसर गुमाएको थियो । सनिस श्रेष्ठको कर्नर प्रहारमा विदेशी खेलाडी ओमोलाजा करिमको हेडर पोस्टमा लागेर फर्कियो । ३८ औँ मिनेटमा सौरभ लिम्बूको कडा प्रहार झापाका गोलकिपर सन्दिप लिम्बूले उत्कृष्ट बचाउ गरे ।

८१ औँ मिनेटमा अशिषेक गुरुङ, दयानन्द सिंह र सनिस श्रेष्ठले पेनाल्टी एरियामा पाएको अवसर गुमाए । ८६ औँ मिनेटमा आदित्य शाक्यको प्रहार बारमा लागेर फर्किंदा मछिन्द्र निराश बनेको थियो ।

खेलको प्लेयर अफ द म्याच झापाका गोलकिपर लिम्बू भए । उनले नगद २१ हजारसहित ट्रफी पाए । शुक्रबारको पहिलो क्वार्टर फाइनल खेल आयोजक भद्रपुर ब्लेजर्स र नेपाल पुलिस क्लबबीच हुनेछ ।

गोल्डकपको विजेताले नगद १३ लाख, आकर्षक ट्रफी र मेडल र उपविजेताले नगद ७ लाख, ट्रफी र मेडल प्राप्त गर्नेछ भने प्रतियोगिताभरिको सर्वोत्कृष्ट खेलाडी प्लेयर अफ द टुर्नामेन्टले नगद एक लाख पाँच हजार रूपैयाँ पाउनेछ । त्यस्तै, उत्कृष्ट गोलकिपर, उच्च गोलकर्ता, उदीयमान खेलाडी र प्रशिक्षकले नगद २५ हजार पाउनेछ। प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई नगद २१ हजार रूपैयाँ दिइनेछ । एकजना दर्शकले महेन्द्ररत्न स्टोर बिर्तामोडका तर्फबाट एक थान हिमस्टार टिभी, एयरपोर्ट होटलका तर्फबाट दिन एकजना दर्शकले दुई जनाको डिनर र सुनचाँदी व्यवसायी संघ भद्रपुर शाखाको तर्फबाट दुईवटा चाँदीको सिक्का पाए ।



पूर्वी चीनको झेजियाङ प्रान्तको हाङझाउमा रहेको एक स्टिल कारखानामा काम गर्दै एक कामदार । *तस्बिरः एएफपी*

# चीनसँग व्यापार सम्झौता सम्भव : ट्रम्प

**वासिङ्टन–** चीनसँग व्यापार सम्झौता 'सम्भव' रहेको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार बताएका छन् । ट्रम्पले सन् २०२० मा अमेरिकाले चीनसँग ठूलो व्यापार सम्झौता गर्न सहमति जनाइसकेको र नयाँ सम्झौता सम्भव भएको बताएका हुन् ।

आफ्नो दोस्रो कार्यकालको एक महिनापछि ट्रम्पले चीन, छिमेकी क्यानडा, मेक्सिको र युरोपेली संघलाई लक्षित गर्दै सहयोगी र प्रतिद्वन्द्वीमाथि व्यापक कर लगाउने चेतावनी दिएका हुन् ।

फेब्रुअरीको सुरुमा उनले चीनबाट आयात हुने सबै उत्पादनमा १० प्रतिशत थप भन्सार शुल्क लगाएका थिए । उनले सबै आयातीत कारहरूमा २५ प्रतिशत कर लगाउने र औषधि र 'सेमीकन्डक्टर'मा समान वा उच्च शुल्क लगाउने चेतावनी पनि दिइरहेका छन् ।

ट्रम्पले सुरुमा सबै क्यानेडियाली र मेक्सिकोली आयातमा २५ प्रतिशत कर लगाउने घोषणा गरेका थिए तर निर्णय लागू हुनुभन्दा केही घण्टाअघि सैद्धान्तिक रूपमा निर्णयलाई थाती राख्दै मार्च १ सम्म निर्णयलाई कार्यान्वयनमा नलाने बताएपछि एक महिनाका लागि राहत मिलेको थियो ।उनले गत हप्ता विदेशबाट आयात हुने स्टिल र आल्मुनियममा २५ प्रतिशत थप कर लगाउने कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए । *रासस/एएफपी*

# भाजपा नेतृ गुप्ताले लिइन् दिल्लीको मुख्यमन्त्रीको शपथ

**नयाँदिल्ली–** भारतीय जनता पार्टी (भाजपा) की विधायक रेखा गुप्ताले बिहीबार दिल्लीको मुख्यमन्त्री पदको शपथ ग्रहण गरेकी छन् । शपथ ग्रहण समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदीका अलावा भाजपाका अन्य नेताहरू पनि उपस्थित भएका थिए ।

समारोहमा प्रधानमन्त्री मोदी, संघीय गृहमन्त्री अमित शाह, युनियन मन्त्री जेपी नड्डा, रक्षामन्त्री राजनाथ सिंहलगायत भारतीय जनता पार्टीका शीर्ष नेता, अन्य राज्यका मुख्यमन्त्री र उपमुख्यमन्त्रीहरू उपस्थित थिए ।

दिल्लीको रामलीला मैदानमा आयोजित एक समारोहमा दिल्लीका उपराज्यपाल विनयकुमार सक्सेनाले गुप्तालाई पद तथा गोपनीयताको शपथ दिलाएका थिए । समारोहमा मुख्यमन्त्री गुप्ताले शपथ ग्रहण गरेसँगै उनको मन्त्रीमण्डलमा भाजपाका प्रवेश वर्मा, मनजिन्दर सिंह सिरसा, रविन्द्र इन्द्रराज सिंह, आशिष सूद, कपिल मिश्रा र पंकजकुमार सिंहले मन्त्री पदको शपथ लिएका छन् ।



राष्ट्रपति द्रोपदी मुर्मूले गुप्तालाई मुख्यमन्त्रीको रूपमा औपचारिक जानकारी गराउँदै गृह मन्त्रालयले राजपत्रमा जारी गरेको सूचनामा भनिएको छ, 'गुप्ता संघीय राजधानी क्षेत्र दिल्लीको मुख्यमन्त्रीको रूपमा नियुक्त हुनुभएको छ । मैले उहाँलाई दिल्लीको जिम्मेवारी सुम्पिन पाउँदा निकै खुसी लागेको छ । नियुक्ति शपथ लिएको मितिदेखि लागू हुने छ ।' ७० सदस्यीय दिल्ली विधानसभामा भाजपाले ४८ सिट जितेको छ । मुख्यमन्त्री गुप्ताले यो 'चमत्कार' र 'नयाँ अध्याय' भएको र यसले राजनीतिमा महिलाका लागि परिवर्तनकारी अध्यायको सुरुआत गरेको बताएकी छन् । पत्रकारसँग कुरा गर्दै गुप्ताले भ्रष्टाचारीलाई जवाफदेही बनाउने प्रतिबद्धता व्यक्त गर्दै हरेक रूपैयाँको दुरूपयोगको जवाफ उनीहरूले दिनुपर्ने बताइन् ।

'यो एक चमत्कार हो, यो एक नयाँ प्रेरणा र नयाँ अध्याय हो । यदि म मुख्यमन्त्री बन्न सक्छु भने यसको अर्थ सबै महिलाका लागि बाटो खुला छ,' उनले भनिन् । उनले आफ्नो नेतृत्वमा रहने सरकारले जो कोही भ्रष्टाचारी भए पनि एक-एक रूपैयाँको हिसाब किताब माग्ने बताइन् । साथै, उनले भारतीय जनता पार्टीको उच्च नेतृत्तप्रति कृतज्ञता व्यक्त गर्दै राष्ट्रिय राजधानीमा शासन गर्न आफूमाथि विश्वास गरेकोमा आभार व्यक्त गरिन् । 'यो ठूलो जिम्मेवारी हो । ममाथि विश्वास गरेको प्रधानमन्त्री मोदी र भाजपाको उच्च नेतृत्वलाई धन्यवाद दिन चाहन्छु' उनले भनिन्, 'मैले आफ्नो नेतृत्वको जिम्मेदारीको पूरा इमानदारीका साथ पूरा गर्ने छु । मेरो पहिलो प्राथमिकता हाम्रो पार्टीले गरेका सबै प्रतिबद्धताहरू पूरा गर्नु हो र दोस्रो प्राथमिकता भनेको हाम्रा सबै ४८ विधायकहरूले टिम मोदीको रूपमा काम गर्ने छन् ।'

यसअघि, भाजपाका नवनिर्वाचित विधायकहरूको बैठकले गुप्तालाई विधायक दलको नेतामा चयन गरेको थियो । यसैबीच, भारतीय प्रधानमन्त्री मोदीले गुप्ताको तल्लो तहदेखि महत्त्वपूर्ण राजनीतिहुँदै मुख्यमन्त्री पदसम्मको यात्राबारे प्रकाश पार्दै उनको नेतृत्वमाथि विश्वास व्यक्त गरेका छन् ।

प्रधानमन्त्री मोदीले भनेका छन्, 'गुप्ताजीलाई दिल्लीको मुख्यमन्त्रीको रूपमा शपथ लिएकामा बधाई । उहाँ क्याम्पसको राजनीति, राज्य संगठन, नगरपालिका प्रशासन र अहिले विधायक र मुख्यमन्त्रीमा सक्रिय हुनुहुन्छ । मलाई विश्वास छ, उनले दिल्लीको विकासका लागि पूर्ण उत्साहका साथ काम गर्नुहुने छ । फलदायी कार्यकालका लागि उनलाई मेरो शुभकामना ।' *रासस/एएनआई*

# पोपको स्वास्थ्यमा क्रमिक सुधार

**भ्याटिकन सिटी–** पोप फ्रान्सिसको स्वास्थ्यमा सामान्य सुधार देखिएको छ । बिहीबार राति उनी आरामसँग निदाएका र बिहान कुर्सीमा बसी नास्ता लिएका उनको उपचारमा संलग्न भ्याटिकनले अस्पतालका चिकित्सकहरूले बताएका छन् ।

उनी ब्रोन्काइटिसका कारण गत शुक्रबार रोमको जेमेली अस्पतालमा भर्ना भएका थिए । उपचारकै क्रममा ८८ वर्षीय क्रिश्चियन धर्मगुरू पोपको दुवै फोक्सोमा निमोनिया देखिएको थियो । अस्पतालले बुधबार साँझ जारी गरेको अपडेटमा पोपको रगत परीक्षणमा 'सामान्य सुधार' देखिएको र उनको स्वास्थ्य अवस्था स्थिर रहेको जनाएको छ ।

यसैबीच, धर्मगुरू पोपलाई इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीले भेट गरेका छन् । 'करिब २० मिनेटको भेटमा प्रधानमन्त्री मेलोनीसँग स्वाभाविक कुराकानी भएको र उनलाई स्वागत गर्न धर्मगुरूसँग पर्याप्त ऊर्जा थियो,' अस्पताल स्रोतले बताएको छ ।

प्रधानमन्त्री मेलोनीले एक विज्ञप्ति जारी गर्दै उनलाई 'सतर्क र उत्तरदायी' महसुस गरेको बताएका छन् । 'हामी सधैंझैं ठट्टा गर्‍यौं । उहाँले आफ्नो हास्यबोध गुमाउनुभएको छैन,' मेलोनीले भने । पोपले हालैका वर्षहरूमा ठूलो आन्द्रा र हर्नियाको शल्यक्रियादेखि लिएर हिँड्डुलमा समस्याजस्ता थुप्रै समस्याहरूको सामना गर्नुपरेको छ । पछिल्लो समय उनी ब्रोन्काइटिसको उपचारका लागि अस्पताल भएका थिए तर उपचारका क्रममा उनमा निमोनियाको पनि समस्या देखिएको छ ।

अस्पतालको बसाइ लम्बिएसँगै आएका विविध हल्लाको खण्डन गर्दै भ्याटिकनले उनको स्वास्थ्य सुधारबारे नियमित अपडेट गराइरहेको छ । बुधबार साँझ जारी विज्ञप्तिमा पोपले आफ्ना सहकर्मीसँग पनि केही काम गरेको उल्लेख गरिएको छ । 'मेडिकल स्टाफले गरेको रगत परीक्षण र विशेषगरी इन्फ्लेमेटरी इन्डेक्समा केही सुधार देखिएको छ,' विज्ञप्तिमा भनिएको छ, 'नास्ता लिएपछि उहाँले 'आफ्ना नजिकका सहयोगी'हरूसँग मिलेर काम गर्न अग्रसरता देखाउनुभयो ।' *रासस/एएफपी*

# इरानमा मृत्युदण्डको वृद्धि डरलाग्दो

## सन् २०२४ मा १७ प्रतिशतले बढेको तथ्यांक सार्वजनिक

**पेरिस–** इरानले गत वर्ष मृत्युदण्डको व्यवस्थामा 'डरलाग्दो वृद्धि' गर्दै कम्तीमा ९७५ जनालाई मृत्युदण्ड दिएको दुई मानवअधिकार समूहले बिहीबार बताएका छन् । नर्वेस्थित इरान ह्युमन राइट्स (आइएचआर) र फ्रान्सेली समूह 'टुगेदर अगेन्स्ट द डेथ पेनल्टी (इसिपिएम)' का अनुसार सन् २००८ पछि इरानमा सन् २०२४ मा मृत्युदण्डको सजाय सुनाइएको यो सबैभन्दा बढी संख्या हो ।

इरानले मृत्युदण्डलाई 'राजनीतिक उत्पीडनको मुख्य हतियार'का रूपमा प्रयोग गरेको आरोप लगाउँदै संयुक्त प्रतिवेदनमा भनिएको छ, 'यो आँकडाले सन् २०२४ मा इरानमा मृत्युदण्डको प्रयोगमा डरलाग्दो वृद्धि भएको देखाउँछ ।' आइएचआरका निर्देशक महमुद अमिरी मोगद्दामले भने, 'यी मृत्युदण्डहरू इस्लामिक गणतन्त्रले सत्तामा आफ्नो पकड कायम राख्न आफ्नै जनताविरुद्ध गरेको युद्धको एक हिस्सा हो ।'

'इरान र इजरायलबीच युद्धको खतरा बढ्दै जाँदा वर्षको अन्तिम तीन महिनामा हरेक दिन औसतमा पाँच जनालाई मृत्युदण्ड दिइएको छ,' उनले भने । इरानमा सन् २०२३ मा ८३४ जनालाई मृत्युदण्ड दिइएको थियो । गत वर्षको तुलनामा यो वर्ष मृत्युदण्डको सजाय पाएकाको संख्या १७ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ । मृत्युदण्ड दिइएका ९७५ जनामध्ये चार जनालाई सार्वजनिक स्थानमा फाँसी दिइएको थियो भने ३१ जना महिला थिए ।

विरोध प्रदर्शन गर्नेलाई समेत मृत्युदण्ड

मानवअधिकारवादी समूहका अनुसार चीनपछि इरान विश्वकै सबैभन्दा बढी मृत्युदण्ड दिने मुलुक बनेको छ । सन् २०२२ मा देशव्यापी विरोध प्रदर्शन सुरु भएपछि जनतामा डर छर्न अधिकारीहरूले मृत्युदण्डको प्रयोगलाई वृद्धि गरेको आरोप उनीहरूले लगाएका छन् ।

सन् १९७९ को क्रान्तिले पश्चिमा समर्थित मोहम्मद रेजा पहलबी (शाह) लाई सत्ताच्युत गरेपछि स्थापित शरियामा आधारित न्यायिक प्रणालीको प्रमुख खम्बा मृत्युदण्ड हो । मृत्युदण्डको सजाय हुने अपराधहरूमा हत्या, बलात्कार र लागुपदार्थका अपराधहरू समावेश छन् तर 'सामाजिक मूल्यमान्यता र मानवीय मर्यादाविपरीत' आचरण र 'राज्यविरोधी गतिविधि' जस्ता अस्पष्ट शब्दहरूको प्रयोग गरी पनि मृत्युदण्डको सजाय दिइने गरेको अधिकारकर्मीहरूले बताएका छन् । उनीहरूका अनुसार यी शब्दजाल सरकारसँग भिन्न धारणा राख्ने असन्तुष्टहरूविरुद्ध प्रयोग गरिने गरेको पाइन्छ । हालैका वर्षहरूमा, मृत्युदण्डको सजाय सुनाइएकाहरूलाई प्रायःजसो जेलपरिसर र कहिलेकाहीँ सार्वजनिकरूपमा फाँसी दिएर मृत्युदण्ड दिइने गरेको छ । यद्यपि, अन्य विधिहरू विधान पुस्तकहरूमा उल्लेख गरिएअनुसार रहन्छन् ।

सन् २०२२ को सेप्टेम्बरमा इरानको अनिवार्य ड्रेस कोड उल्लंघन गरेको आरोपमा पक्राउ परेकी इरानी-कुर्दिश महिला महसा अमिनीको हिरासतमा मृत्यु भएपछि सुरु भएको राष्ट्रव्यापी विरोध प्रदर्शनका क्रममा गत वर्ष दुई जनालाई मृत्युदण्ड दिइएको थियो ।

सन् २०२२ को अक्टोबरमा भएको प्रदर्शनका क्रममा एक प्रहरी अधिकारीको कारले हानेर हत्या गरेको आरोपमा २३ वर्षीय मोहम्मद घोबादलुलाई जनवरी २०२४ मा मृत्युदण्ड दिइएको थियो । मानवअधिकारवादी समूहहरूले उनको मुद्दा निकै त्रुटिपूर्ण भएको आरोप लगाएका छन् र न्यायाधीशहरूले उनी द्वीध्रुवी विकार (बाइपोलर डिसअर्डर अर्थात् म्यानिक डिप्रेसन)बाट पीडित भएको प्रतिरक्षामा प्रस्तुत प्रमाणलाई बेवास्ता गरेका छन् । सन् २०२२ को प्रदर्शनका क्रममा रिभोल्युसनरी गार्डको हत्या गरेको आरोपमा ३४ वर्षीय घोलामरेजा रसाइलाई गत अगस्टमा गोप्यरूपमा मृत्युदण्ड दिइएको थियो । अधिकारकर्मीहरूले उनको स्वीकारोक्ति यातनाबाट प्राप्त भएको बताएका छन् ।

अधिकारवादी समूहहरूले इरानले गत वर्ष थप मृत्युदण्ड दिएको हुनसक्ने प्रमाण रहेको र उनीहरूले आफ्नो प्रतिवेदनको पुष्टि गर्न नसकेको बताएका छन् । उनीहरूले सन् २०२४ मा थप ३९ जनालाई मृत्युदण्ड दिइएको खबर आएको र दोस्रो स्रोतबाट पुष्टि गर्न नसकिएको बताएका छन् । आइएचआरको तथ्यांकअनुसार यस वर्ष इरानले कम्तीमा १२१ जनालाई मृत्युदण्ड दिइसकेको छ । *रासस/एएफपी*

# हमासले बुझायो चार जना इजरायली बन्धकको शव

**खान युनिस, प्यालेस्टाइनी क्षेत्र–** हमासले गाजा युद्ध सुरु भएदेखि इजरायलमा व्याप्त अग्निपरीक्षाको प्रतीक बनेका बिबास परिवारसहित चार जना इजरायली बन्धकको शव रहेको कफिन बिहीबार हस्तान्तरण गरेको छ ।

सन् २०२३ अक्टोबर ७ मा इजरायलमाथि भएको आक्रमणपछि हमासले पहिलोपटक शव हस्तान्तरण गरेको हो । यो हमास र इजरायली पक्षबीच जनवरी १५ मा सहमति गरिएको र जनवरी १९ मा कार्यान्वयनमा आएको युद्धविराम सम्झौताअन्तर्गत भइरहेको छ । बदलामा इजरायली जेलमा रहेका जीवित प्यालेस्टिनी बन्दीको आदानप्रदान हुने छ ।

दुई छोराहरू केफिर र एरियलसहित शिरी बिबास तथा ओडेद लिफशिट्जको शव फिर्ता गर्ने समारोह दक्षिणी गाजा सहर खान युनिसबाट भएको हो । हस्तान्तरण गर्नुअघि हमासले बलौटे जमिनमा बनाइएको मञ्चमा चारवटा कालो कफिन प्रदर्शन गरेको थियो ।

प्रत्येक 'कास्केट'मा मृतकको सानो फोटो राखिएको र कफिनको छेउमा राखिएका सेतो नक्कली क्षेप्यास्त्रमा अमेरिकी बमले मारिएका लेखिएको छ । इजरायली सेनाले 'बन्धकहरूको शव' आफू र गाजास्थित शिन बेट आन्तरिक सुरक्षा एजेन्सीलाई हस्तान्तरण गरिएको बताएको छ ।

हमासले बिबास परिवारको अपहरणका समय गरेको भिडियो प्रसारणमा आमा र उनका छोराहरू चार वर्षीय एरियल र केवल नौ महिनाका केफिरलाई गाजा सीमा नजिकैको उनीहरूको घरबाट जफत गरिएको देखिएको थियो । केटाहरूका बुबा र शिरीका पति यार्डेन बिबासलाई सोही दिन छुट्टाछुट्टै अपहरण गरिएको थियो र फेब्रुअरी १ मा गाजा पट्टीबाट बन्धक-कैदी आदानप्रदानमा रिहा गरिएको थियो ।

**"शोकको दिन"**

गाजामा १५ महिनाभन्दा लामो संघर्षपछि जनवरी १९ मा इजरायल र हमासबीच भएको युद्धविरामको पहिलो छ हप्ताको प्रथम चरणको एक हिस्साका रूपमा उनीहरूको शव स्वदेश फिर्ता गरिएको हो ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले बिहीबार बन्धकको शव फिर्ताको क्षण इजरायलका लागि निकै कठिन दिन हुने बताएका थिए । युद्धविरामको पहिलो चरणअन्तर्गत अहिलेसम्म एक हजार १०० भन्दा बढी प्यालेस्टिनी कैदीहरूको बदलामा १९ जना इजरायली बन्धकलाई लडाकुहरूले रेड क्रसमार्फत इजरायललाई हस्तान्तरण गरेका छन् । पहिलो चरणअन्तर्गत रिहा हुन योग्य गाजाका बाँकी १४ बन्धकमध्ये आठ जनाको मृत्यु भइसकेको इजरायलले जनाएको छ । हमासको आक्रमण र बन्धक बनाइएका घटनासँगै बिबास परिवारका सदस्यहरू इजरायलका लागि चरम निराशाको राष्ट्रिय प्रतीक बनेको थियो ।

हमासले इजरायली हवाई आक्रमणले युद्धको सुरुमा नै उनीहरूको मृत्यु भएको बताएपछि विदेशमा उनीहरूको मृत्युलाई तथ्यको रूपमा स्वीकार गरिएको छ, तर इजरायलले यो दाबीलाई कहिल्यै पुष्टि गरेको छैन र बिबास परिवारसहित धेरै जना विश्वस्त छैनन् । इजरायली अभियान समूह 'द होस्टेज एण्ड मिसिङ फेमिलिज फोरम'ले बिबास परिवारका तीन सदस्यको मृत्यु भएको खबरले आफूलाई स्तब्ध बनाएको बताएको छ ।

बिबास परिवारले पुष्टिका लागि पर्खने बताएको छ । तेल अभिवस्थित नेशनल फरेन्सिक मेडिसिन इन्स्टिच्युटले पहिचान प्रक्रियालाई तीव्रता दिन १० जना चिकित्सक परिचालन गरेको छ । इजरायल र हमासले यसै हप्ता र अर्को हप्ता दुई समूहमा बन्धक बनाइएका आठ जना बन्धकको अवशेष फिर्ता गर्ने र अन्तिम छ जना जीवित इजरायली बन्दीलाई शनिबार रिहा गर्ने सम्झौताको घोषणा गरेका थिए ।

बन्धकहरूको मञ्चले ती छ जनाको नाम एलिया कोहेन, ताल शोहम, ओमेर शेम टोभ, ओमेर वेनकर्ट, हिशाम अल-सैयद र एवेरा मेन्गिस्टु रहेको बताएको छ । गाजामा दुवै पक्षबाट उल्लंघनको आरोप लागे पनि युद्धविराम जारी रहेको छ । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले भग्नावशेषले भरिएको गाजालाई नियन्त्रणमा लिने र २० लाखभन्दा बढी प्यालेस्टिनीको जनसंख्या स्थानान्तरण गर्ने व्यापक निन्दा गरिएको योजनाका कारण पनि यो क्षेत्र तनावमा परेको छ ।

इजरायलका विदेशमन्त्री गिदोन सारले युद्धविरामको दोस्रो चरणका विषयमा यसै हप्तादेखि वार्ता सुरु हुने बताएका छन् । इजरायलका विदेशमन्त्री गिदोन सारले युद्धविरामको दोस्रो चरणका विषयमा यसै हप्तादेखि वार्ता सुरु हुने बताएका छन् । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७१००० | प्रति तोला – ० | प्रति तोला – १९७० |

## ऊर्जामन्त्री खड्का र बेलायती राजदूतबीच भेटवार्ता



**काठमाडौं (प्रस)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कासँग नेपालका लागि बेलायतका राजदूत रोब फेनबीच शिष्टाचार भेटवार्ता भएको छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा आयोजित नेपाल नवीकरणीय ऊर्जा कार्यक्रममा सहभागी हुने क्रममा बिहीबार भएको भेटमा उनीहरूबीचमा दुई देशबीचको ऊर्जा क्षेत्रका विविध विषयमा छलफल भएको थियो।

भेटमा ऊर्जामन्त्री खड्काले २०९ वर्ष पुरानो सम्बन्ध रहेको बेलायतले नेपालको नवीकरणीय ऊर्जा क्षेत्रमा युकेएडमार्फत पुऱ्याउँदै आएको योगदानको उच्च कदर गरे। उनले बेलायतले नेपाललाई ऊर्जा क्षेत्र सहायता कार्यक्रम, राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम, भूकम्पपछिको पुनः स्थापना तथा पुनःनिर्माण सहयोगप्रति आभार व्यक्त गरे।

भेटमा मन्त्री खड्काले नेपाल सरकारले हालै पारित गरेको ऊर्जा विकास मार्गचित्र, २०८१ ले राखेको विद्युत् उत्पादनको लक्ष्यलाई पूरा गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने बताए। उनले नेपालका लागि बेलायती राजदूतावासमार्फत सहयोग हुँदै आएको केन्द्रीय नवीकरणीय ऊर्जा कार्यक्रमलाई दुई वर्ष थप गर्न अनुरोध गरे।

भेटमा नेपालका लागि बेलायती राजदूत रोबले हालैका केही दिनमा नेपालले ऊर्जा क्षेत्रको विकासमा चालेका कदमहरू सराहनीय रहेको बताए। उनले नेपालले जलविद्युत् तथा नवीकरणीय ऊर्जाका अन्य स्रोतहरूलाई सन्तुलनमा राखेर भइरहेको कार्यले नेपाल मात्र नभई भारतलाई समेत स्वच्छ ऊर्जा उपलब्धतामा महत्वपूर्ण सघाउ पुगेको बताए। उनले आगामी दिनमा बेलायत सरकारले ऊर्जाका अन्य क्षेत्रमा सघाउन लगानी समितिसँग छलफल भइरहेको जानकारी गराए।

## 'नवीकरणीय ऊर्जाका लागि छुट्टै ऐन प्राथमिकतामा'

■ प्रभाव संवाददाता

**काठमाडौं–** उर्जा, जलस्रोत तथा सिंचाईमन्त्री दीपक खड्काले नविकरणीय उर्जा तथा उर्जा दक्षतासम्बन्धी छुट्टै ऐन सरकारको प्राथमिकतामा रहेको जानकारी दिएका छन्।

बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रद्वारा बेलायत सरकारको सहयोगमा सञ्चालन गर्दै आएको नेपाल नवीकरणीय ऊर्जा कार्यक्रमको सिकाई आदान प्रदान कार्यक्रममा उनले सरकारले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा छुट्टै ऐनको व्यवस्थालाई प्राथमिकतामा राखेको बताएका हुन्।

उर्जामन्त्री खड्काले नवीकरणीय ऊर्जा परियोजनामा निजी क्षेत्रको लगानी वृद्धि गर्ने, सबैमा ऊर्जाको पहुँच पुऱ्याउन सहयोग गर्न कार्यक्रमले सहयोग पुगेको उल्लेख गरे। उनले ऊर्जा प्रणालीलाई गुणस्तरीय र भरपर्दो बनाउन सहयोग, दिगो ऊर्जा 'च्यालेञ्ज फण्ड' मार्फत वितरित नवीकरणीय ऊर्जा परियोजनाहरूको वित्तीय सम्भाव्यता र दिगो सञ्चालनको लागि वित्तीय र प्राविधिक सहायता प्रदान लगायतका कार्यमा पुऱ्याएको योगदानको प्रशंसा गरे।

मन्त्री खड्काले सरकारले आफ्ना नीति, रणनीति, योजना तथा लक्ष्यहरू मार्फत नवीकरणीय ऊर्जाको विस्तार तथा ऊर्जा दक्षताको अवलम्बनलाई विशेष प्राथमिकता दिंदै आएको उल्लेख गरे।

मन्त्रीपरिषद्बाट हालै स्वीकृत 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१' मा नेपालले अघि सारेका स्वच्छ ऊर्जा र जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय लक्ष्यमा नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ ऊर्जा रूपान्तरणलाई उच्च प्राथमिकता दिएको मन्त्री खड्काले बताए।

उनले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्दै विद्युत खपत प्रतिव्यक्ति वार्षिक एक हजार ५०० युनिट पुऱ्याउने लक्ष्य सहित स्वीकृत मार्गचित्रमा राष्ट्रिय ग्रिड नपुगेका स्थानमा अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युतमार्फत आगामी दुई वर्षभित्र शतप्रतिशत घरधुरीमा विद्युत पहुँच पुऱ्याउने लक्ष्य लिएको स्पष्ट पारे।

पेरिस सम्झौताअनुसार सन् २०४५ सम्म कार्वन उत्सर्जन शून्यमा झार्ने प्रतिवद्धतालाई पुरा गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने मन्त्री खड्काको भनाई थियो। उनले नेपाल सरकारको स्वच्छ ऊर्जा रूपान्तरण सम्बन्धी लक्ष्य हासिल गर्न आगामी दिनमा समेत निरन्तर सहयोगको अपेक्षा गरे।

मन्त्री खड्काले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक हाल राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा पेश भएकाले उक्त विद्येयकलाई छिट्टै प्रतिनिधिसभाबाट पारित गराई ऐनको रूप दिने कार्यमा आफ्नो उच्च प्राथमिकता रहेको बताए। विधेयकले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र ऊर्जा रूपान्तरणको क्षेत्रहरूमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रलाई नयाँ संगठनमा रूपान्तरण गर्न र नयाँ सन्दर्भमा यसको भूमिकालाई सुनिश्चित गर्न सहयोग पुग्ने उनको भनाई थियो।

उर्जा मन्त्रालयका सचिव सुरेश आचार्यले सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्यलाई पुरा गर्न यस्ता दातृ निकायको महत्वपूर्ण साथ र सहयोगको खाँचो रहेको बताए। नेपालका लागि बेलायतका राजदूत रब फेनले कार्वन उत्सर्जनलाई शून्यमा झार्ने अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई पुरा गर्न नवीकरणीय उर्जा क्षेत्रको विकास आवश्यक रहेको बताए।

बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकाल, कार्यक्रम संयोजक सुमन बस्नेत, नविकरणीय उर्जा परिसङ्घका अध्यक्ष कुशल गुरुङलगायतले नेपालको नविकरणीय उर्जाको क्षेत्रमा उक्त कार्यक्रममार्फत भएको विकासप्रति बेलायत सरकार र बेलायती जनतालाई धन्यवाद दिएका थिए।

विस २०७५ माघदेखि कार्यान्वयन भई सञ्चालन आएको उक्त कार्यक्रम आगामी चैत १८ गते सम्पन्न हुँदैछ। उक्त कार्यक्रमले विद्युत नभएका घरमा विद्युतीकरण, लघु जलविद्युत निर्माण, विद्युतीय चुल्होको विस्तार, सौर्य उर्जाको विकास, विद्युतीय सिंचाईलगायतको क्षेत्रमा काम गरेको केन्द्रका नायब कार्यकारी निर्देशक डा नारायणप्रसाद अधिकारीले जानकारी दिए।

## नेप्सेमा सामान्य वृद्धि साढे ८ अर्बको कारोबार

**काठमाडौं (प्रस)–** साताको कारोबारको अन्तिम दिन बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) झिनो अंकले बढेर बन्द भएको छ। बिहीबार नेप्से ३.१४ अंकले बढेर २ हजार ७ सय ४३ दशमलव ७४ विन्दुमा बन्द भएको हो। नेप्सेका अनुसार ८ अर्ब ६२ करोड ७६ लाख रूपैयाँको कारोबार भएको छ। कारोबारमा ८१ कम्पनीको शेयरमूल्य बढ्दा १५८ को घटेको छ भने ५ कम्पनीको शेयरमूल्य स्थिर रहेको छ।

कारोबारमा तीन कम्पनीका लगानीकर्ताले सर्वाधिक कमाएका छन्। जसमा गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स, वीन नेपाल लघुवित्त र अप्पर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड रहेका छन्। यी कम्पनीको शेयरमूल्य ९ प्रतिशतले बढेको छ।

बिहीबारको कारोबारमा बाराही हाइड्रोपावरका लगानीकर्ताहरूले सर्वाधिक गुमाए। यस कम्पनीको शेयरमूल्य ८.३५ प्रतिशतले घटेको छ। गरिमा समृद्धि योजनाको शेयरमूल्य पनि ७.७० प्रतिशतले घटेको छ। नेपाल रिपब्लिक कम्पनी लिमिटेडको सर्वाधिक कारोबार भएको छ। यस कम्पनीको ६५ करोड ६६ लाख बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

## लुम्बिनीमा पुँजीगत खर्च २२ र चालु खर्च २८ प्रतिशत

■ प्रभाव संवाददाता

**लुम्बिनी–** लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षको हालसम्म कुल बजेटको २४.९१ प्रतिशत खर्च गरेको छ। चालु वर्षमा रु ३८ अर्ब ९७ करोड बजेट विनियोजन गरिएको थियो। यसमा पुँजीगततर्फ २४ अर्ब ५८ करोड र चालु खर्चतर्फ ११ अर्ब २४ करोड विनियोजन गरिएको थियो।

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयले आज आयोजना गरेको अर्धवार्षिक समीक्षामा चालु आर्थिक वर्षको फागुन ३ गतेसम्मको तथ्याङ्कअनुसार पुँजीगत खर्च २२.८३ प्रतिशत र चालु खर्च २८.४७ प्रतिशत रहेको सार्वजनिक गरिएको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित अर्धवार्षिक समीक्षामा मुख्यमन्त्री चेतनारायण आचार्यले चालु आर्थिक वर्षमा विनियोजन भएको पुँजीगत बजेटको कार्यान्वयन र भुक्तानीलाई विशेष ध्यान दिन मातहतका निकायलाई निर्देशन दिए। उनले प्रदेश सरकारले पुँजीगत खर्च गर्न नसकेको भन्ने आलोचनालाई चिर्न खर्चलाई प्रभावकारी रूपमा बढाउनुपर्नेमा जोड दिए। 'वैशाख महिनालाई अन्तिम भुक्तानीको महिना बनाउन सक्ने हो भने धेरै समस्या हल भएर जाने थिए,' मुख्यमन्त्री आचार्यले भने, 'अन्य प्रदेशको तुलनामा माघ मसान्तसम्म लुम्बिनी प्रदेशको पुँजीगत खर्च सबैभन्दा राम्रो छ। तर यसलाई निरन्तरता दिनेगरी काम गरौं।'

संघीय सरकारबाट प्राप्त समानीकरण, ससर्त तथा विशेष अनुदानका कार्यक्रम कार्यान्वयनमा विशेष ध्यान दिनुपर्नेमा उनले जोड दिए। सङ्घबाट प्राप्त भएको बजेट कार्यान्वयन नभएमा फिर्ता नहुने गरी कार्यान्वयन गर्न जोड दिनैपर्ने उनले बताए।

आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीको अध्यक्षता कार्यक्रममा स्वास्थ्यमन्त्री खेमबहादुर सारु, वन तथा वातावरणमन्त्री देवकरण कलवार, प्रमुख सचिव बाबुराम अधिकारी, प्रदेश योजना आयोगका उपाध्यक्ष डा डिल्लीराज अर्याललगायत मन्त्रालयका सचिवहरूले अहिलेसम्मका उपलब्धि र भावी योजनाका बारेमा आफ्ना धारणा राखेका थिए। कार्यक्रममा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव डिलाराम पन्थीले समीक्षा प्रतिवेदन प्रस्तुत गरेका थिए।

## नेपाल बिल्डकन अन्तरराष्ट्रिय प्रदर्शनी सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीको भृकुटीमण्डपमा १०औं नेपाल बिल्डकन अन्तरराष्ट्रिय प्रदर्शनी सुरु भएको छ। बिहीबारदेखि यही फागुन ११ गतेसम्म हुने प्रदर्शनीको उद्घाटन गर्दै भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले विकास निर्माणका काममा प्राथमिकता निर्धारण जरुरी रहेको बताए। 'मुलुकलाई समृद्ध बनाउन र स्थानीयको उत्पादन सहरसम्म पुऱ्याउन आवश्यक सडक र बाटो निर्माण सरकारको प्राथमिकतामा छ,' मन्त्री दाहालले भने, 'वस्तु आयातका लागि एक देशसँग मात्र निर्भर हुने अवस्थाको अन्त्य गर्न सरकारले काम गरिरहेको छ।'



प्रदर्शनीमा विभिन्न देशका ३०० भन्दा बढी कम्पनीहरूको १५० बढी स्टल छन्। प्रदर्शनीमा निर्माणसम्बन्धी उद्योग, कम्पनी, डिलर तथा सब डिलरहरू र बिक्रेताहरूले निर्माण व्यवसायसँग सम्बन्धित उत्पादनहरूका बारेमा जानकारी गराउने स्टलहरू रहेको आयोजक संस्थामध्येका मिडिया स्पेस सोलुसन्स प्रालिका प्रबन्ध निर्देशक सिर्जल भट्टराईले बताए।

उनका अनुसार निर्माण क्षेत्रमा आएका नयाँ प्रविधिका बारेमा जानकारी गराउने उद्देश्यले प्रदर्शनी सुरु गरिएको हो। अन्तरराष्ट्रिय प्रदर्शनीमा 'कन्स्ट्रक्सन मेटेरियल्स', 'कन्स्ट्रक्सन मेसिनरी', 'प्रिफ्याब स्ट्रक्चर', 'युपिभिसी विन्डोज मेसिनरी', 'युपिभिसी प्रोफाइल', 'डोर्स एन्ड विन्डोज', 'आर्किटेक्चर हार्डवेयर', 'बाथरुम फिटिङ्स', 'पाइप, टायल्स एन्ड स्यानिटरी वायर', 'रुफिङ', 'प्री इन्जिनियरिङ बिल्डिङ, पावर टुल्स', 'विन्डोज'लगायतका सामग्रीहरू रहनेछन्।

मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरएक्स ट्रेड फेयर एन्ड इभेन्ट्स प्रालिले संयुक्त रूपमा आयोजना गरेको प्रदर्शनीमा निर्माण व्यवसायसम्बन्धी उत्पादन र नवीनतम प्रविधि प्रमुख आकर्षण रहने प्रबन्ध निर्देशक भट्टराईले बताए। प्रदर्शनीस्थल बिहान १० देखि बेलुका ६ बजेसम्म खुल्ला रहने र निःशुल्क प्रवेशको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

उक्त प्रदर्शनी ४० देखि ४५ हजार दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको छ। प्रदर्शनीले नेपालमा उत्पादन भइरहेका सामग्री र प्रविधिहरूलाई पनि अन्तरराष्ट्रिय बजारसम्म लैजान सहयोग पुग्ने विश्वास आयोजकको छ।

महिला अधिकारको सम्मान गरौं

- महिलालाई समाज र देशको मुलधारमा ल्याउन पहल गरौं,
- महिलाको प्राकृतिक पहिचानको सम्मान गरौं,
- महिला सशक्तिकरणमा ध्यान दिऔं,
- लैंगिक समानता कायम गर्न महिलालाई विशेष अवसर प्रदान गरौं,
- सम्पत्तिको स्वामित्वमा महिलाको सहभागिता बढाऔं,
- संविधान र कानुनले दिएका महिला अधिकारको सम्मान गरी कार्यान्वयन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ